# सफलताको कथा

आ.व. २०८१/०८२

## दलित सामाजिक विकास केन्द्र

कपिलवस्तु

United Nations
Educational, Scientific and
Cultural Organization

# प्रकाशन

दलित सामाजिक विकास केन्द्र (DSDC) कपिलवस्तु नगरपालिका वडा नं. ५ कपिलवस्तुले विगत २० बर्ष देखि काम गर्दै आईरहेको कुरा अवगत गराउदै आ.ब. २०८०/०८१ मा गरिएका क्रियाकलाप तथा कार्यक्रमको प्रभावले लक्षित वर्गमा सर्वाङ्गीण रूपमा परेका सकारात्मक प्रभावका अवस्थाहरू संलग्न गरी सफलताको कथाको समष्ठिगत रूपमा यो किताब तयार गर्न प्रयास गरिएको हो। यो सफलताको कथा तयार पार्न सफल हुनु भएकोमा सम्पूर्ण टिमलाई हार्दिक बधाई तथा आभार ब्यक्त गर्दछु।

दलित सामाजिक विकास केन्द्रले "विभेद रहित समतामूलक समाज" निर्माणको परिकल्पना गरेको छ । यस संस्थाले संचालन गर्दै आएको आर्थिक, सामाजिक, राजनीतिक समावेशी, सामाजिक र वातावरणीय न्याय लैङ्गिक समानता हासिल गर्ने र सवै महिला, किशोरी, बालबालिका, युवा, अपाङ्गता भएका ब्यक्ति र मनोसामाजिक समस्यामा परेका ब्यक्तिलाई सशक्त बनाउने गरि संस्थाले कार्य गर्दै आएको सवैमा जानकारी भएको कुरा अवगत नै छ । दलित, गरिब, किशोर किशोरी, युवा र महिलाहरूको हक अधिकार सुनिश्चित गर्न राज्यले प्रदान गरेको सेवा सुविधाहरूमा उनीहरूको पहुँच बढाउन सामाजिक, जीवीकोपार्जन, राजनीतिक, स्वास्थ्य, शिक्षा, वातावरण तथा महिलाहक अधिकारका लागि गरेको पैरवी मार्फत भएका सकारात्मक प्रयास तथा प्राप्त सफलताका कथाहरूलाई संस्थागत रूपमा एकिकृत गरी सवैमा जानकारीका लागि यो किताब तयार पारिएको छ ।

यस अर्थमा संस्थागत क्रियाकलाप संचालन गर्ने स्वयंमसेवक, कर्मचारी र संस्थाका पदाधिकारी लगायत आफनो सफलताको कथा अरूलाई उत्सहपूर्वक पढनका लागि अवसर दिनु भएकोमा सम्पूर्णमा धन्यवाद दिन चाहन्छु।

सो सगै यहाँहरूमा सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु।

राम शरन रैदास

कार्यकारी निर्देशक

# बिषयसूची


| क्र.स. | विषयवस्तु | पेज |
| --- | --- | --- |
| १. | शिक्षण सिकाई बिद्यालयको रूपमा भ्रमणको गन्तब्य बन्दै छत्रपाली | १ |
| २. | समुहको नेतृत्व गर्दै रामरोशनी | २ |
| ३. | चन्द्रमति धोवीको सकारात्मक परिवर्तन | ३ |
| ४. | गृहिणी महिलाहरूको प्रेरणा बन्दै इन्दामती रैदास | ४ |
| ५. | युवा समुहद्धारा अभियानको शुरूवात | ६ |
| ६. | घर चलाउन महिला छन सक्षम | ७ |
| ७. | मानसिक स्वास्थ्य उपचार लिएर ब्यापारी बनेकी जानकी रैदास | ८ |
| ८. | नयाँ जिवन पाएकी मेहनाज खातुनको कथा | ९ |
| ९. | परियोजनाले मानसिक स्वास्थ्यमा सुधार ल्यायो | १० |
| १०. | सुभद्राले श्रीमानको जीवनमा खुशी ल्याईन | ११ |
| ११. | घर देखि कारखाना सम्म | १२ |
| १२. | रिसालु सद्‌दामको बदलिएको स्वभाव | १३ |
| १३. | भोगेको निरासामा आशा पलायो | १४ |
| १४. | बिजय प्रकाशको पोखरी प्रतिको बिश्वास | १६ |
| १५. | माया हुनुभयो नमुना | १७ |
| १६. | सोनीको सानो प्रयासले जीवनमा ल्यायो आश | १९ |
| १७. | स्वरोजगार नै जीवनको आधार | २१ |
| १८. | ABL तालिमले ल्यायो जीवनमा परिवर्तन | २३ |
| १९. | समुदायको लागि राधा | २४ |
| २०. | नन्दलालको जीवनमा छायो खुसी | २५ |
| २१. | पुष्पा हुनुभयो व्यवसायिक | २७ |
| २२. | रामजीतको जीवन सुधार | २८ |
| २३. | अब म एउटा आधिकारीक नागरिक भएको महसुस महसूस गर्छु। | २९ |
| २४. | मेरो अध्ययन गर्ने सपना साकार भईरहेको छ। | ३० |
| २५. | भाई बहिनीहरूको पढाईमा निरन्तरता : बृजमतीको अर्को लक्ष्य | ३३ |
| २६. | महिला समुहमा सोनाको व्यापार | ३४ |

# शिक्षण सिकाई बिद्यालयको रूपमा भ्रमणको गन्तब्य बन्दै छत्रपाली

मायादेवी गाउँपालिकामा रहेको श्री छत्रपाली तिर्था देवी माध्यामिक विद्यालयमा अध्यापनरत ४८ बर्षिय सरस्वती उपाध्याय बाल बिकास शिक्षक हुनुहुन्छ । शिक्षिका सरस्वतीले सो बिद्यालयमा बिगत १० बर्ष देखि अध्यनपन गराउदै आउनु भएको छ । यो अबधीमा सम्म उहाँले कुनै पनि किसिमको तालिमका अवसरहरू पाउनु भएको थिएन । जसका कारण उहाँले बाबालिकाहरूलाई १० बर्ष  देखि नै पुरानै विधि तथा शैलीबाट अध्यापन गराउदै आउनु भएको थियो ।

यूनाईटेड मिसन टु नेपालले परिवर्तनको लागि बालबालिका युवा तथा समुदाय (सि वाई सि सि)  परियोजना संचालन गरि मायादेवी गाउँपालिकामा रहेका बिद्यालयहरू काम गर्न शुरूवात गर्यो । जस अर्न्तगत छत्रपाली तिर्था देवी माध्यामिक विद्यालय पनि छनौट पर्यो । त्यस पछि बिद्यालयको शिक्षाको गुणस्तरलाई सुधार गर्नका लागि मायादेवी गाउँपालिकामा रहेका शिक्षकहरूको क्षमता अभिबृद्धि गर्नका लागि क्रियाकलापमा आधारित शिक्षण सिकाई तालिम संचालनमा आयो ।  उक्त तालिममा छत्रपाली तिर्थादेवी माध्यामिक विद्यालयबाट शिक्षिका सरस्वाती उपाध्यायले तालिममा सहभागि हुने मौका पाउनु भएको थियो ।  तालिमा नयाँ प्रबिधी तथा तरिकाहरूको बारेमा शिक्षण सिकाइ गर्ने प्रक्रियाहरूको बारेमा जानकारी प्राप्त गरे सगै उहाँको क्षमता बिकास भयो । त्यस पछि उहाँ बिद्यालयमा बालबालिकाहरूका लागि शैक्षिक सामाग्रीहरू निर्माण गरेर सोहि शैक्षिक सामाग्री प्रयोग गरेर पढाउन थाल्नु भयो ।  अहिले तालिमका कारण उहाँलाई अध्यापन गराउन सहज थालेका छ । शिक्षिका सरस्वातीले विद्यालयमा मात्र हैन विदाको समयमा घरमा बस्दा पनि खेर गएका  विस्कुट, चाउचाउका कार्टुनहरू घरमा ल्याई शैक्षिक सामाग्री निर्माण गर्ने गर्नु हुन्छ ।

जसले गर्दा उहाँको कक्षा कोठा शैक्षिक सामाग्रीले भरिपूर्ण रहेको छ । सरस्वतीले अध्यापन गर्ने कक्षाकोठामा विद्यार्थीहरू शिक्षक नहुदा पनि आफै रमाई रमाई पढ्ने गर्दछन् । यसरी शैक्षिक सामाग्री निर्माण गरि अध्यापन गराउन थाले पछि बालबालिकाहरू नियामित बिद्यालय आउन थालेका छन । जसका कारण बिद्यार्थीको सिकाई उपलब्धी बढ्नुका साथै  विद्यार्थीको उपस्थिति बढेको छ ।  विद्यार्थीहरू सामाग्रीहरू  प्रयोग गरि पढ्न पाएपछि : छुट्टी हुदा पनि थप आधा घण्टा बिद्यालयमै बसेर घर जाने गरेको  विद्यार्थी गौरव कोहार बताए । शिक्षिका सरस्वती कक्षा कोठामा बालबालिकाको जन्मदिन मनाउने गर्ने गरेकोले शिक्षक र विद्यार्थीको माया प्रगाढ हुदै गएको अरू बिद्यार्थीहरू बताउछन । "क्रियाकलापमा आधारित शिक्षण सिकाईले विद्यार्थीहरूको सुनाई बोलाई र लेखाईमा क्षमता विकास बिकास गरेको छ ।

कक्षाकोठामा विद्यार्थीहरूको नियमित उपस्थिति बढेको छ ।" शिक्षिका उपाध्याय भन्नु हुन्छ । सो सगै आफूले बिद्यालयमा क्रियाकलापमा आधारित कार्यमूलक अनुसन्धान पनि गर्ने गरेको उहाँले जानकारी दिनु भयो । उहाँको मिहिनेत परिश्रमको प्रगतिले गर्दा बिद्यालयको सिकाई बृद्धि हुनका साथै उहाँको बढुवा हुनमा सहयोग पुगेको प्रधानाध्यापक नरेन्द्र बहादुर कुर्मीले बताउनु भयो । यहाँको कक्षाकोठा अरू विद्यालयका शिक्षकहरूले अवलोकन गर्दा उहाँहरूले पनि आफ्नो विद्यालयमा शैक्षिक सामाग्री निर्माण गर्न तल्लीन भएको मायादेवी गाउँपालिकाका शिक्षा शाखा प्रमुख माधव प्रसाद घिमिरे बताउनु भयो । अन्य बिद्यालयको लागि पकडीको छत्रपाली तिर्थादेवी माध्यामिक विद्यालय भ्रमणको गन्तब्य बन्न थालेको देखिएको छ ।

## समुहको नेतृत्व गर्दै रामरोशनी




मेरो नाम रामरोशनी चौहान हो । मेरो जन्म २०६३ साल पुष १७ गते का दिन कपिलबस्तु नगरपालिका वडा नम्बर १२ को बिठुवा गाउँमा भएको हो । मेरो परिवारमा ३ दिदि, ३ दाई हुनुहुन्छ । परिवारमा म सबै भन्दा कान्छो छोरी हो । मेरो २ जना दिदिको बालबिवाह भैसकेको छ । मेरो बुवा कृषि पेशा गर्नुहुन्छ भने आमा घरको घरायसी काम गर्नुहुन्छ । मेरो घर को आर्थिक अवस्था कमजोर रहेको छ । म कक्षा १२ को परिक्षा दिएर बसेकी छु ।

मेरो गाउँमा धेरै समस्याहरू छन् । म समुहमा आबद्ध हुनु भन्दा अगाडि कसैको अगाडि बोल्न पनि डराउने गर्थे । गाउँभन्दा बाहिरको बिधालयमा पढ्न जाने अनुमति थिएन । अभिभावकहरूले समुहमा जान नदिने, छोरीको नागरीकता बनाउनु हुदैन भनि नागरीकता बनेको थिएन । म घर मै घरायसी काम गरेर बसेकी थिए ।

तर दलित सामाजिक बिकास केन्द्र र आइएम को साझेदारीमा हाम्रो शक्ति परियोजना अन्तर्गत किशोरी समुहमा आबद्ध हुने अवसर पाए । शुरूको दिनमा समुहको बैठक तथा छलफलमा सहभागी हुन पनि धेरै गाह्रो थियो । मेरो अभिभावकहरूले भन्नु हुन्थ्यो कि के फाइदा हुन्छ घरको काम गरेर बस । तर बिस्तारै समुहमा सिकेको कुरा अभिभावकहरूलाई छलफल गर्न थाले । परिवारलाई धेरै सम्झाए पछि अवस्था सहज हुदै गयो । म बिधालय छाडेर घरमै बसेकी थिए । तर समुहको छलफल बाट बिधालय

जाने प्रेरणा प्राप्त भई पुन बिधालयभर्ना भए । म यहा सम्म आउन धेरै संघर्ष गर्नुपरेको छ । म समुहका कार्यक्रममा जादा पनि मेरो भाइले भन्ने गर्दथ्यो कि "तिमि समुहमा गयौ भने खुट्टा भाचिदिन्छु ।" तर पनि म आत्तिईन । हिम्मत गरेर लुकिलुकि समुहमा जाने गर्दथे । मेरो माइली दिदिको सानैमा बालबिवाह भएकोले पढन पाउनु भएन । शिक्षा नभएका कारणले उहाँलाई परिवार भित्रै हिंसा हुने गरेको छ । उहाँ अहिले गर्भवती हुनुहुन्छ तर पनि त्यहाँ बस्ने बाताबरण नभएर अब सम्बन्ध बिच्छेद प्रक्रिया अगाडि बढाउने कुरा चलिरहेको छ । उहाँको जिवन यति सानै उमेरमा यस्तो त नहुनु पर्ने हो भनेर मैले धेरै सोच्ने गर्छु । मेरो दिदिको त बालबिवाह भएर जिवन बर्वाद भयो त्यसैले पनि म बालबिवाह बिरूद्ध आवाज उठाउन्छु । बाल बिवाह बिरूद्धको अभियानमा लाग्छु । मेरो सपना थियो म साईन्स पढेर स्वास्थ्य क्षेत्रमा काम गर्ने तर घरको आर्थिक अवस्थाले गर्दा शिक्षाशास्त्र लिएर अध्ययन अगाडी बढाएकी छु । अझै पनि अवसर मिले स्वास्थ्य क्षेत्रमा आफ्नो भविष्य खोज्ने छु । सो क्षेत्रमा लागेर म गरिब र बिपन्नको सहयोगमा लाग्ने छु । मेरो प्रण छ, सबैको अगाडि असल छोरी बनेर देखाउनेछु । जति पिढा दुखः दिए पनि सफल भएर देखाउनेछु ।

## चन्द्रमति धोवीको सकारात्मक परिवर्तन



चन्द्रावती धोवी ५० बर्षीय एकल महिला हुनुहुन्छ । उहाँको घर कपिलबस्तु नगरपालिका वडा नम्बर ५ बभनी गाउँमा छ । उहाँको सानै उमेरमा बिवाहभएको थियो । उहाँको छ वटा सन्तान छन । हाल उहाँको एउटी बिवाहित छोरी बाहेक सबैको मृत्यु भै सकेको छ । अहिले उहाँ घरमा एक्लै हुनुहुन्छ

उहाँको पहिले ४ बिगहा जमिन थियो । तर सबै सन्तानको बिहेबारी गर्दा खेत बेचेर सकियो । अहिले उहाँको ऐलानी जग्गामा भएको एउटा घर मात्रै छ । आर्थिक उपार्जनको श्रोत नहुदाँ उहाँको अवस्था अत्यन्तै नाजुक छ । उहाँको आर्थिक श्रोत भने को सरकारले एकल महिलालाई दिने सामाजिक सुरक्षा भत्ता मात्रै हो । त्यही भत्ताको भरमा उहाँको दैनिकी चलेको छ ।

उहाँ बिगत २ बर्ष देखि उन्नती महिला समुहको सदस्य पदमा आबद्ध हुनुहुन्छ ।

बिगत २ बर्षदेखि समुहमा छलफल गर्दा पनि आफ्नो समस्या कसैलाई बताउनु भएको थिएन। अहिले समुहमा महिलाका सवालहरूमा छलफल गर्दा महिलाको पाठेघर खस्ने सवाल उठान गर्नुभयो। यो सवाललाई प्राथमिकतामा त राखेनन् तर तत्कालै यस बिषयमा छलफल भयो। पाठेघर खस्नुको कारण यसको उपचार र नेपाल सरकारले निशुल्क अप्रेशन गर्ने बिषयमा उहाँलाई बैठकमा जानकारी गराइएको थियो।

उहाँलाई बिगत १० बर्ष देखि पाठेघर खस्ने समस्याको शुरू भएको रहेछ। यो लाजको बिषय हो।अन्य ब्यक्तिले थाहा पायो भने नकरात्मक सोच्छन भन्ने मान्यताले उहाँले कसैलाई भन्नु भएन । उहाँले धेरै सन्तान जन्मेको र सुत्केरी अवस्थामा पनि धेरै कामहरू गर्नु परेको रहेछ। एक पटक अस्पतालमा जाँच गराउदा अप्रेशन गर्न भनेको थियो तर उहाँले औषधि भन्दा पनि झारफुक तिर लाग्नु भएछ। उहाँ समुहमा आफ्ना सबै कुरा खुलेर बताउन सक्नुभएन। त्यसपछि सामुदायिक सहजकर्ताले उहाँसँग एक्लै भेटघाट गरी उहाँको कुरा सुन्नुभयो। त्यसै समय वडा कार्यालयबाट शिविर आएको उहाँलाई सहजकर्ताले जानकारी दिनुभयो। सो जानकारी पाए पछि उहाँले शिविरमा जाँच गरेर पाठेघरमा रिङ हाल्नु भएको रहेछ।

पहिला उहाँलाई उठबस गर्न गाह्रो हुने, पिसाब गर्न गाह्रो हुन्थ्यो तर पाठेघरमा रिङ हाले पछि दैनिकी सहज बनेको छ। अबको ३ महिना पछि डाक्टरले चेकजाँचको लागि समय दिनु भएको छ। अब अप्रेशन गर्नै पर्ने भए उहाँ अप्रेशन गराउन पनि तयार हुनुहुन्छ। अहिले उहाँले यस संस्थालाई धेरै धेरै धन्यवाद दिनुभएको छ। यदि समुहमा आबद्धता नभएको भए उहाँले कुनै जानकारी नपाएर पाठेघर खस्ने समस्याको उपचार नै नपाएर समस्यामा दिन बिताउनु पर्ने अवस्था थियो। त्यसैले पनि संस्थालाई आफुले सधै धन्यबाद दिने यहाँको भनाई छ।

## गृहिणी महिलाहरूको प्रेरणा बन्दै इन्दामती रैदास

इन्द्रमती रैदास कपिलबस्तु नगर पालिकाको वडा नम्बर १२ को बिठुवा गाउँ निवासी ३१ बर्षीय महिला हुनुहुन्छ। उहाँ सानै बाट लजजालु स्वभावको हुनुहुन्थ्यो। उहाँको बिवाह १३ बर्ष र गौना १५ बर्षमा भएको थियो। उहाँको १ छोरा र २ छोरी गरि ३ जना सन्तान छन।



उहाँको श्रीमान भारतमा मजदुरीको काम गर्नुहुन्छ भने उहाँले घरमै किरानाको पसल चलाउनु भएको छ। उहाँको घरको आर्थिक अवस्था कमजोर छ।  बिवाह पश्चात उहाँ घरासी काम, बच्चाहरूको स्याहारसुसार मै सिमित हुनु भयो। जस्कार कारण उहाँ घर बाहिर जानै पाउने अवस्था बनेन।

इन्द्रमती महिला समुहमा आजभन्दा २ बर्ष अगाडि नै आबद्ध हुनु भएको रहेछ। शुरूका दिनमा उहाँ समुहमा आफ्नो परिचय दिन पनि लजाउने, नाम लेख्न नसक्ने, छलफल कै क्रममा आफ्नो धारणाहरू राख्न नसक्ने अवस्था थियो। बिस्तारै उहाँले समुहका छलफलमा भाग लिन सक्रियता देखाउन थाल्नु भयो।

उहाँलाई सानै देखि पढ्नलेख्न मन थियो तर उहाँले पढ्ने अवसर पाउनु भएन। उहाँको दाईले तिन पटक बिधालय छाड्दा पनि बुवाले जबरजस्ती बिधालय भर्ना गराउनु भएन तर छोरी अर्काको घरमा जाने भनेर उहाँलाई बिद्यालय भर्ना गराईएन।

उहाँको श्रीमानको कमाइले मात्र परिवार धान्न असहज भैरहेको थियो जसले गर्दा एक रात उहाँलाई धेरै चिन्ताले सतायो। रातभरी उहाँले हामी महिलाले पनि बाहिर को काम गरेर परिवारको सहयोग गर्न सक्छौ भन्ने सोच्नु भयो। अनि म पनि गर्न सक्छु भनेर उहाँमा आत्मबिश्वास पलायो। त्यस बेला उहाँ सँग जम्मा  २ हजार रूपै या थियो। २ हजार रूपैयाले बच्चाहरूको खानेकुराहरू बजारबाट किनेर ल्याएर घरकै भित्तामा झुण्ड्यार बेच्न शुरू गर्नु भयो। उहाँले व्यवसायको शुरूवात त गर्नु भयो तर थोरै सामान र व्यवस्थापन हुन नसक्दाँ खासै नाफा भएन। सोही समय उहाँदे समुहमा व्यवसाय सञ्चालनका लागि सहयोग माग गर्नु भयो। समुहले उहाँको आत्मबिश्वास र लगन देखेर १२ हजार रूपैया सहयोग दियो। त्यस पछि उहाँले व्यवसायलाई व्यवस्थित बनाउन थाल्नु भयो। अहिले दैनिक २ देखी ३ सय आम्दानी हुन थालेको छ। जसका कारण आफ्नो दैनिक पहिले भन्दा सुधारीएको उहाँको बुझाई छ। "पहिले मैले सहयो गका लागी अरू सँग हात फैलाउनु पर्थ्यो। ऋण माग्दा कसैले पत्याउदैथ्यो। तर अहिले सबैले सहयोग गर्छन। म पनि पसलको सामान किन्न बोर्डर सम्म जान सक्ने भएकी छु।" चन्द्रमती भन्नु हुन्छ। "मैले पढेको छैन त्यसैले मलाई हिसाबकिताब गर्न गाह्रो हुन्छ  । मेरो पसलमा ठुलो नोट लिएर आएको छ भने म तल बसेर लुकेर थाहा नपाउने गरि हातको औला गरेर हिसाब गर्छु। अहिले छोराछोरी पनि पढिरहेका छन् श्रीमानले पनि पैसा पठाउनु हुन्छ , म परिवार चलाउछु।" उहाँ थप्नु हुन्छ। दलित सामाजिक बिकास केन्द्र र आइ एम लाई धन्यवाद दिदै छोरीहरूलाई बालबिवाह होइन शिक्षादिनु पर्छ भन्ने उहाँको सन्देश छ।

# युवा समुहद्धारा अभियानको शुरूवात



दलित सामाजिक बिकास केन्द्र र आइएमको साझेदारीमा हाम्रो शक्ति परियोजना द्धारा कपिलबस्तु नगर पालिकाको वडा नम्बर ५को डंगरी र शिवपुरा गाउँको युवाहरू मिलाएर बिकासशिल युवा समुह गठन भएको छ। यो समुह २०८१ बैशाख २१ गते गठन भएको हो। यो समुह गठन गर्नुको उद्दे श्य सामाजिक हानिकारक अभ्यासहरू बिरूद्ध बिभिन्न अभियानहरू सञ्चालनका लागि नेतृत्व लिने रहेको छ। युवा समुहको हरेक महिनामा एक पटक नियमित बैठक हुन्छ। जस अन्तर्गत युवाहरू बिभिन्न सामाजिक सवालहरूमा छलफल गर्ने र सवाल सम्बोधनका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने योजना रहेको छ। युवा समुहमा २० देखि ४० बर्ष उमेर समुहका महिला पुरूष र युवाहरू आबद्ध रहेका छन्।

गत बर्ष जुन महिनामा पालिकास्तरका सरोकारवालाहरू, जनप्रतिनिधिहरू र परियोजनाका कर्मचारीहलाई ७ चरणको योजना तर्जुमाप्रक्रिया सम्बन्धि एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन दलित सामाजिकबिकास केन्द्र र आइएमको सहयोगमा पालिकामा सम्पन्न भएको थियो। यो अभिमुखिकरण पछि कर्मचारीहरूले समुहमा योजना तर्जुमाको बिषयमा छलफल चलाउनु भयो। जस अन्तर्गत समुहले आफ्नो समुदायको सवाल पहिचान गरी सवाल सम्बोधनका लागि गर्नुपर्ने कार्यक्रमहरूको सुचि बनाई वडा कार्यालयमा ध्यानाकर्षणपत्र बुझाएको थियो। ध्यानाकर्षणपत्र बुझाउने मा कपिलबस्तु वडा नम्बर ५, ८, १२ र महाराजगंज नगरपालिकाको वडा नम्बर ८ का समुह थिए।

कपिलबस्तुको वडा नम्बर ५ को वडा अध्यक्षलाई बिकासशिल युवा समुहले ध्यानाकर्षणपत्र बुझाए पछि वडा अध्यक्ष बाट सकारात्मक प्रतिक्रिया पाएका छन्। कपिलबस्तु नगरपालिकाले हालसम्मको अभ्यासमा वडा भेला गराएर योजना तर्जुमा गरेको जानकारी पाएका थिएनौ तर यस बर्ष वडा कार्यालयले वडा भेलाको लागि सुचना र सोहि अनुरूप वडा भेलामा समुदायका ब्यक्तिहरू, समुहका केही सदस्यहरूको पनि सहभागिता सुनिश्चित गरेको थियो।

# घर चलाउन महिला पनि सक्षम छन



भुल्ठा चमार ३८ बर्षिय बिवाहित महिला हुनुहुन्छ। उहाँ कपिलबस्तु नगरपालिका वडा नम्बर ४, लौसा गाउँमा बस्नु हुन्छ । हाम्रो शक्ति परियोजनाको शुरूवाती देखि नै समुहमा उहाँको आबद्ध छ। उहाँको श्रीमान सस्मोल चमार हुनुहुन्छ। उहाको ५ जना छोरी र श्रीमान गरेर सहित ७ जनाको परिवार रहेको छ। उहाको एक तल्ले पक्की पुरानो घर छ जसमा ५ दाजुभाईका परिवारहरू त्यहि घरमा बस्ने गर्छन् । उहाँको घरको पुर्खौली सम्पत्ति नभएको कारण अर्काको खेत बटैया गर्ने गर्छन्। उहाँको श्रीमानको ज्यालामजदुरीको आम्दानीले घर खर्च जेनतेन चलेको छ।

एक दिन उहाँको श्रीमान आफ्नो बहिनीको घरमा जाने क्रममा बाटोमै आकस्मिक रूपमा दायाँ खुट्टामा पक्षघात भई अपाङ्ग हुनु भयो। त्यस पछि उहाँको जीनमा धेरै उतार चढाव हुनथाल्यो। उहाँले आफ्नो श्रीमानको धेरै औषधिहरू गराउदा पनि निको भएन। त्यसपछि उहाँको श्रीमान घरमै बस्न थाल्नुभयो। उहाँहरूको घरखर्च चलाउन पनि गाह्रो हुनथाल्यो। उहाँले आफ्नो परिवारको जिवनस्तर उकास्न चाहनु भयो तर कसैले सहयोग गरेनन। त्यसै बेला दलित सामाजिक बिकास केन्द्र सँग उहाँले आर्थिक सहयोग माग्नु भयो। उहाँको ब्यवसाय गर्ने चाहना र आवश्यकता देखि संस्थाले १२ हजार रूपैया आर्थिक सहयोग गऱ्यो। त्यसै रकमले उहाँले पुरानो टंकी खरीद गरी टंकि पसल खोल्नु भयो। सरसामान कहाबाट ल्याउने कसरी हिसाब किताब गरेर बेच्ने भनेर शुरूशुरूमा उहाँलाई गाह्रो भैरहेको थियो। तर उहाँका छोरीहरूको सहयोगले सिक्दै गए पछि उहाँको पनि आत्मबिश्वास बढ्दै गयो। अहिले उहाँलाई पसल चलाउन सहज भएको छ।

उहाँले अहिले बजारबाट सामान किनेर ल्याउने र बेच्ने गर्नु हुन्छ। उहाँको दैनिक ५ सय देखि १ हजार रूपैया बराबरको बिक्रि हुने गरेको छ। सोहि रकमले उहाँको घर खर्च चल्छ। अहिले ३ छोरीहरू बिधालय जाने गर्छन। उहाँले दैनिक २० रूपैया खुत्रुकेमा राख्ने र २ वटा समुहमा पनि बचत गर्ने गर्नु हुन्छ। खुत्रुकेमा बचत गरेको रकम ७ हजार ५ सय र कमाई गरेको १० हजारले नयाँ टंकी बनाउनु भएको छ। टंकी पसल सँग सँगै श्रीमान, बच्चाहरूलाई पनि हेरबिचार गर्ने उहाँको दैनिकी बनेको छ। यदि उहाँले अन्य ब्यवसाय रोजेको भए उहाँको श्रीमानको र बच्चाको रेखदेखमा समस्या हुने उहाँको बुझाई छ। "म अहिले खुसी छु । सानो ब्यवसाय गरे पनि मेरो जिवनको भार धेरै कम भएको छ। श्रीमानको कमाइले घर चल्दथ्यो अब मेरो कमाइले घर चलिरहेको छ। श्रीमानको रेखदेख गर्न पनि सकिने ब्यवसाय पनि गर्न सकिने भएर मेरो आधा तनाव कमभएको छ।" भुल्ठा भन्नु हुन्छ।

# मानसिक स्वास्थ्य उपचार लिएर ब्यापारी बनेकी जानकी रैदास

कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वडा नम्बर ४ परसोहियाको सेमरी गाँउमा बस्ने सौकिलाल रैदास र ईन्द्रावति रैदासकी कान्छी छोरी हुन जानकी। १८ बर्षे जानकी रैदास शान्त र मिलनसार स्वभावकी छिन्। जन्मदा स्वस्थ्य जन्मेको जानकी १३ बर्ष हुदाँ अचानक बेहोस हुन थालीन। सो क्रम हप्तामा ३,४ पटक सम्म चल्यो। हुनि निरन्तर बेहोस हुन्थीन।

पछी विस्तारै बेहोसी सगै शरिरमा  कम्पन पनि आउन थाल्यो। सुरुवातमा जानकीको बुवा आमाले झारफुकमा बढी समय खर्च गरे। तर उनको स्वास्थ्यमा सुधार आएन। त्यस पछि औषधी गराउन भैरहवा मेडिकल कलेज र भारतको गोर खपुर लगियो। तर त्यँहा पनि जानकीको स्वास्थ्यमा सुधार आएन। झन झन उनको मानसिक स्वास्थ्य बिग्रदै गयो। उनको परिवारले जानकीको उपचारको लागी जसले जहाँ भन्यो त्यही लगेर उपचार गराउन थाले। पछि गाँउलेले बुटवल क्रिम्सन अस्पतालमा जान सल्लाह दिए। मनोचिकीत्सक डाक्टर सन्दिपकुमार बर्मासगँ चेकजाच गराउदा जानकीको स्वास्थ्यमा सुधार आयो तर उपचारमा पैसा बढि लाग्ने भयो।  पैसा हुदाको समयमा उपचार गराउने र पैसा नहुदाँ नगराउने हुनाले जानकीको स्वास्थ्यमा कुनै सुधार भएन।

यसै बिच दलित सामाजिक बिकास केन्द्रबाट २०८० पुस ७ गते यशोधरा गाँउ पालिकामा मानसिक स्वास्थ्य शिविर आयोजना गरियो। यशोधरा आधारभुत अस्पतालमा शिविर आयोजना भएको जानकीको परिवारले जानकारी पाए।  उनलाई पहिले उपचार गर्दै आएका क्रिमसन अस्पतालको डाक्टर सन्दिपकुमार बर्मा सँग फेरी चेकजाच गराउन पाउदा जानकी खुसी भईन। त्यस पछि जानकी मानसिक स्वास्थ्य परियोजनाको कर्मचारीसँग निरन्तर सम्पर्कमा आइन। नियमित औषधि गराउन थालीन्। निरन्तर औषधि उपचार गराउदा जानकीको स्वास्थ्यमा सुधार आउन थाल्यो। उनी मनोसामाजिक सहयोग समुहमा सदस्य भएर निरन्तर समुहमा आउन थालीन। दलित सामाजिक बिकास केन्द्रबाट जानकीले आयआर्जनको लागी ३० हजार रूपैया सहयोग पाएर  खुद्रापसल सञ्चालन गर्न थालिन।

अहिले जानकीको स्वास्थ्यमा सुधार आएको छ।  उनले आफ्नो पसलमा बसेर ब्यापार गर्दछिन र स्थानिय स्वास्थ्य चौकिबाट निरन्तर औषधी खाई रहेकि छिन। बुटवल क्रिमसन अस्पतालको डाक्टर सन्दिपकुमार बर्मालाई स्थानिय अस्पतालमा ल्याई चेकजाच गराएकोमा दलित सामाजिक बिकास केन्द्रलाई उनि र उनको परिवारले धन्यबाद दिदै आएका छन।

# नयाँ जिवन पाएकी मेहनाज खातुनको कथा

कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका वडा नम्बर ५ बैदौलिको नदवा गाँउमा बस्ने सामान्य परिवारका सबिबुल भाट र मोमिना खातुनकोकी छोरी हुन मेहनाज खातुन । २० बर्ष भएकी परिवारकी ठुलो छोरी मेहनाज खातुन एकदमै शान्त र हसिलो स्वभावको छिन् । अचानक ४ वर्ष पहिले मेहनाजको घरमा बिवाहको कुरा चल्यो । घरको सामान्य अवस्था रहको हुनाले मेहनाजलाई १६ बर्ष हुदाँ बिवाह गरि दिने निर्णय गरियो । बिवाहको मिती नजिकै जाँदा उनमा मानसिक स्वास्थ्य समस्याहरू देखिन थाले ।

शूरूमा टाउको दुख्ने, खान मन नलाग्ने, एक्लै बन्द कोठामा बस्ने, घरमा झैझगडा गर्ने, रूने, कराउने जस्ता लक्षणहरू देखियो । यी समस्याहरू देखेर घरपरिवारका सदस्यहरूले मेहनाजलाई भुतप्रेत लागेको भनेर झारफुक गराउन लगें । घरका परिवारले मेहनाजलाई नाटक गरेको वा काम गर्न अल्छिपन गरेको भनेर आरोप पनि लगाए । झारफुक गराउदा निको नभए पछि भारतमा लगी उपचार गराउन थाले । गोरखपुरमा उपचार गराउदा मेहनाजको समस्या झन बिग्रदै गयो । उनको स्वास्थ्यमा सुधार नआए पछि उनको बहिनीलाई त्यो केटासगँ बिवाह गरीदिए । मेहनाजको अवस्था दिनदिनै बिग्रदै जादाँ उनले आत्महत्याको सोच पनि बनाईन् । मेहनाज गम्भिर मानसिक स्वास्थ्य समस्यामा पुगिन ।

दलित सामाजिक बिकास केन्द्रबाट मानसिक स्वास्थ्य परियोजना अन्तर्गत आमा समुहमा मनोसामाजिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण गर्दा मेहनाजको आमा मोमिना खातुन पनि आउनु भएको थियो । उहाँले मनोसामाजिक स्वास्थ्य सम्बन्धि जानकारी पाउनु भयो । प्रत्येक महिना मनोचिकित्सक डाक्टर सन्दिपकुमार बर्मा चेकजाच गर्न आउने भनी थाहा पाए पछि उहाँले मेहनाजलाई यशोधरा आधारभुत अस्पतालमा मिती २०८० चैत २४ गते चेकजाँचको लागि ल्याउनु भयो । चेकजाच पछि मेहनाजले निरन्तर औषधी खाईरहेकी छिन् ।

हाल मेहनाजको स्वास्थ्य अवस्थामा सुधार आएको छ । अहिले मेहनाज घरमा काम गर्ने, घरपरिवारका सदस्यहरू सँग बोल्ने, खाना पकाउने, खेतमा काम गर्ने गर्छिन् । उनको घरमा नयाँ आशा पलाएको छ । अब छोरी पुर्णरूपमा स्वस्थ्य भए पछि अर्को बर्ष मेहनाजको बिवाह गरि दिने सोच उनको परिवारको रहेको छ । उनको परिवारले मानसिक स्वास्थ्य परियोजनाको कर्मचारीलाई ईश्वरको रूपमा आएको भन्दै धन्यवाद दिनु हुन्छ ।

# परियोजनाले मानसिक स्वास्थ्यमा सुधार ल्यायो

कपिलवस्तु जिल्लाको यशोधरा गाँउपालिका वार्ड नं.३ बसन्तपुर हरदेवागाँउमा वस्ने घनश्याम कोरीको घरमा उहाँको पत्नी र २ वटा छोरा छन् । एउटा छोरा १७ वर्षको र अर्को छोरा ८ वर्षका छन । ठूलो छोराले १० कक्षा पढेर छोडे भने सानो छोरा कक्षा ६मा पढीरहेका छन । उनको धेरै जग्गा जमिन छैन । उनी २० वर्ष देखी रिक्सा चलाएर परिवारको गुजारा चलाई रहेका छन् । रिक्सा चलाएर आफ्नो परिवार को पेट पालन ग्रान्हो भए पछि उनलाई तनाव भयो । उनको ठूलो छोराले पनिमजदुरी गर्न थालिन तर सधै काम नहुने भएकोले घरमै बसेकी छन । सबै जिम्मेवारी घनस्याम कोरी माथि परेपछि उहाँ तनावले गर्दा विस्तारै विस्तारै उदासिनतामा जान थाल्नु भयो । उदासिनता भए पनि घरको जिम्मेवारीले गर्दा रिक्सा चलाउन छोड्नु भएन  । जसो तसो परिवारको गुजारा चलाईरहे पनि उहाँले आफ्नो औषधी उपचार गराउनु भएन । केही समय पछि उहाँमा गम्भिर मानसिक स्वास्थ्य समस्या देखियो । त्यस पछि उहाँले रिक्सा चलाउन सक्नु भएन । उहाँले परिवारको सदस्यलाई गाली गर्ने, झगडा गर्ने, बरबराउने, खाना नखाने, यताउति हिडने गर्न थाल्नु भयो । उहाँलाई निन्द्रा पनि लाग्दै न थियो । उहाँको यस्तो अवस्था भए पनि पैसाको अभावले परिवारले उहाँको उपचार गराउन सकेनन् जस्ले गर्दा अझ बढि समस्यामा देखिन थाल्यो ।

यसै बिच दलित सामाजिक विकास केन्द्र र यूनाईटेड मिसन टु नेपालको संयुक्त साझेदारी मामानसिक स्वास्थ्य परियोजना यशोधरा गाँउपालिकामा सञ्चालन आयो । सो पश्चात परियोजनाको टोलीलाई उहाँको बारेमा जानकारी प्राप्त भयो । परियोजनाबाट मनोचिकित्सकको भ्रमण स्वास्थ्य संस्थामा हुने हुदाँ उहाँको परिवारलाई मनोचिकित्सक आउने दिनको जानकारी गराई उहाँलाई उपचार गराउन भनियो । उहाँले मनो चिकित्सक सँग उपचार गराई औषधी खान थाल्नु भयो । उहाँको पत्नीले निरन्तर उहाँलाई औषधी खुवाउनु भयो । जसले गर्दा उहाँको मानसिक स्वास्थ्यमा सुधार आउन थाल्यो । एक महिना पछि मनोचिकित्सक सँग पुनःउपचार गराउनु भयो । मनोचिकित्सकले उहाँको अवस्थामा सुधार आएको जानकारी गराउनु भयो । उहाँको अवस्थामा अहिले धेरै सुधार आएको छ ।

विस्तारै उहाँको अवस्थामा सुधार आए पछि उहाँले आफ्नो परिवारको जिविकोपार्जनको लागि पुनः रिक्सा चलाउन थाल्नु भयो । घनस्याम कोरी अहिले नियमित औषधी खाई रहनु भएको छ । रिक्सा चलाएर परिवारको गुजारा चलाउनु हुन्छ । अहिले उहाँ र उहाँको परिवारले दलित सामाजिक विकास केन्द्र  र यूनाईटेड मिसन टु नेपाललाई उहाँहरूको जीवनमा भगवान बनेर आई सहयोग गरेकोमा धन्यवाद दिईरहेका छन् ।

# सुभद्राले दिनुभयो श्रीमानको जीवनमा खुशी ।

छिमेकी राष्ट्र भारतको सिद्धार्थनगर जिल्लाको बिसनपुर गाउकी बाबुलाल कोहार र श्रीमती कोहारकी जेठी छोरी हुनुहन्छ सुभद्रा देबि कोहार। उहाँको १८ बर्षका उमेरमा कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिका वडा नम्बर १ पकडीको बरही गाउँमा हिन्दु परम्परा अनुसार दिलीपकुमार कोहारसँग १५ बर्ष अगाडी बिवाह भएको थियो। सुभद्राको दुई छोरा १३ र ११ को बर्षका छन्। आफ्नै घरको मिलमा उहाँको श्रीमान काम गर्ने गर्नु हुन्थ्यो। बिवाह भएको ८ बर्ष पछि घरमा अचानक अंशबन्डा भयो। उहाँको श्रीमानलाई बिदेस जानको लागी दबाब दिए। तर दिलिप सानै हुदाँ सानोमा खुट्टामा प्यारालाईसिस भएर निको भएको थियो। तर पनि शारिरीक रूपमा पुर्ण सन्चो नभएकोले गर्दा बिदेश जान मान्नु भएन । त्यस पछि उहाँको श्रीमानको ब्यवहारमा परिवर्तन देखीन थाल्यो । बिस्तारै बिस्तारै उहाँमा गम्भिर मानसिक समस्या देखियो । सुभद्राको घरबाट कुनै सहयोग नपाए पछि बाध्यताले उहाँले आफ्नो श्रीमान र २ बच्चा समेत ५ महिना माईती लगेर राख्नु भयो। थ्यहि श्रीमानको औषधी पनि गराउनु भयो। त्यस बेला श्रीमानको अवस्था एकदमै बिग्रीएको २ महिना सम्म कपडामै दिशापिसाब गर्ने, झगडा, मारपिट गर्ने समस्या देखियो । आफ्नो श्रीमानलाई आफ्नो बच्चालाई जस्तै स्याहार गर्नु पर्ने उहाँको बाध्यता भयो।

५ महिना पछि अवस्था सामान्य हुदै गयो तर आर्थिक अवस्था कमजोर भएर पैसा हुदा औषधी खाने नहुदा नखाने गर्नाले समस्या अझै बिग्रदै गयो। श्रीमानको अवस्था देखेर उहाँलाई पनि धेरै चिन्ता भयो। कति पटक सुभद्रा आफैले आत्महत्या गर्ने सोच समेत आएर बिष किनेर ल्याउनु भयो। तर बच्चाको र श्रीमानको मायाले गर्दा हिम्मत गर्न सक्नु भएन । यसरी नै सुभद्राको दैनिकी चलिरहेको थियो। तर सुभद्राले कहिले पनि आफ्नो श्रीमानको साथ छोडुनु भएन। आफ्नो श्रीमान काम गर्न नसक्दा उहाँले गाउँघरमा कपडा सिलाएर घरको खर्च चलाउने र माईती बाट चामल तथा दालहरू सहयोग मागेर ल्याउनु हन्थ्यो।

दलित सामाजिक बिकास केन्द्रको कर्मचारी पकडीको बरही गाउँमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका किश्लावती पाण्डे सँग मनोसामाजिक समस्या भएका ब्यक्तिहरूको डाटा लिन जादा सुभद्राको श्रीमानको बारेमा जानकारी भयो । त्यस पछि उहाँको श्रीमान सगँ भेट गरियो। त्यस पछि सुभद्राले आफ्नो श्रीमानलाई औषधी गराउनको लागी आफ्नो आर्थिक अवस्था कमजोर भएको र श्रीमानको मानसिक अवस्था बिग्रीएकोले दलित सामाजिक बिकास केन्द्रबाट सहयोग लिनका लागी सम्बन्धित पकडीको वडा कार्यालयमा गएर औषधीको लागी सिफारीस बनाउनु भयो। क्रमशः जहाँ जहाँ डाक्टर आउनु हुन्थ्यो त्यहा त्यहा उपचारका लागि ल्याउनु भयो।

बिस्तारै उहाँको श्रीमानको अवस्था सामान्य हुदै गयो तर आफु महिला भएर पनि आफ्नो श्रीमानलाई सधै साथ र हौसला दिन उहाँ चुक्नु भएन। त्यस गाउँमा मनोसामाजिक सहयोग समुह संचालन गरी उहाँको श्रीमानलाई पनि त्यस समुहमा राख्नु भयो। उहाँको लगातार साथ र हौसलाले गर्दा श्रीमानलाई सामान्य अवस्थामा ल्याउन सफल हुनुभयो। परिवारको साथ र सहयोगले जस्तो सुकै गम्भिर मानसिक समस्या भएको सन्चो हुने कुराको उदाहरण सुभद्रा देबि कोहारले दिनु भयो।

हाल सुभद्रा देबी र उहाँको श्रीमानलाई दलित सामाजिक बिकास केन्द्रले ब्यवसाय गर्नको लागी ३० हजार रूपैया  सहयोग गरे पछि खुद्रा पसल खोलेर आफ्नो आर्थीक अवस्थामा सुधार गर्न लाग्नु भएको छ। सुभद्राले पसलमा कपडा सिलाई गर्ने मेसिन र ाख्नु भएको छ।  गाउँमा कपडा सिलाएर उहाँले परिवारको पालन पोषण र बचत गर्न थाल्नु भएको छ। पसलको व्यापारले उहाँको श्रीमानले ३ महिनामा १० हजार रूपैया बैंकमा बचत गरेको जानकारी दिनु भयो। सुभद्राले दलित सामाजिक बिकास केन्द्र र मानसिक स्वास्थ्य परियोजनाका कर्मचारीहरूलाई धेरै धेरै धन्यबाद दिनु भएको छ।

## घर देखि कारखाना सम्म

कपिलवस्तु जिल्लाको मायादेवी गाँउपालिका वडा नम्बर ६ बस्ने राम खेसरी चौधरी र पुन्ना चौधरीको कान्छो छोरा हुनुहुन्छ बिट्टु चौधरी। उहाँ आफु पनि दुई सन्तानको बुवा हुनुहुन्छ। जन्मदा एकदमै स्वस्थ्य रहेको बिट्टु एकदमै मिलनसार र दयालु स्वभाव हुनुहन्छ। जब उहाँ सात बर्ष हुनु भयो। उहाँमा अचानक स्वास्थ्य समस्याहरू देखा पर्न थाल्यो। वान्ता आउने, टाउको दुख्ने, आँखा फरफराउने आदी समस्याका लक्षणहरू देखा पर्न थाल्यो। यस्तो हुदाँ औषधि गराउने र ठिक हुने क्रम जारी रह्यो। तर समय समयमा समस्या दोहरीने हुनाले गर्दा बिट्टु पुर्ण रूपमा स्वस्थ्य हुन सक्नु भएन। २२ बर्षको उमेरमा बिट्टु बैदेशिक रोजगारको लागी मलेसिया जानु भयो। तर त्यहाँ गए पछि उहाँको समस्या झन बढन थाल्यो। त्यस पछि उहाँ घर फर्किनु भयो। उहाँलाई छारे रोगको कम्पन (मृगीको झट्का) आउन थाल्यो। लगातार ७ वर्ष झट्काको समस्या भए पछि उहाँले नेपाल तथा भारतमा औषधी उपचार गराउन थाल्नु भयो। निरन्तर औषधी गराएता पनि उहाँलाई महिनामा दुई तीन पटक झट्का आउथ्यो। उहाँलाई झट्का आउने कारणले गर्दा उहाँ घरमै बस्ने ,कुनै काम नगर्ने गर्नु भयो। उहाँको  श्रीमतीले भने रूपन्देहिको धागो कारखानामा काम गर्ने गर्नु हुन्थ्यो।

उहाँको आमा महिला स्वास्थ्य स्वयंम सेविका हुनुहुन्छ। जस्ले शुरूदेखी नै आफ्नो छोराको उपचार गराउन लागी परेको हुनुहुन्थ्यो। उहाँले उपचार र झारफुक दुबैलाई

महत्व दिनु भयो । जसले जहाँ भन्थे त्यही लैजाने गरेर धेरै दुख पाउनु भयो । शुरूमा उपचारको क्रममा तौलिहवाको जिल्ला अस्पतालमा मनोचिकित्सक डाक्टर असिम रेग्मी सगँ परिक्षण गराउनु भयो । तर डाक्टर नियमित नहुदाँ गर्दा बिट्टु चौधरीको उपचार राम्रोसँग हुन सकेको थिएन । पछि जब आमा समुहमा मानसिक स्वास्थ्य सम्बन्धि अभीमुखीकरण गर्दा प्रत्येक महिना डाक्टर चेकजाँच गर्न आउने कुरा जानकारी भए पछि पनि चेकजाचको लागी आउन सल्लाह दिईयो । बिट्टुको आमाले शुरूमा नल्याउने कुरा गर्नु भयो तर धेरै परामर्श पछि एक पटक ल्याउन तयार हुनुभयो । २०८० साल फागुन १२ गते डाक्टर यशोधरा गाँउपालिकाको यशोधरा आधारभुत अस्पतालमा आँउदा त्यहि ल्याएर पहिलेको रिपोर्ट हेरेर औषधी चल्यो । डाक्टर सँग चेकजाच गर्नु अघि भारतबाट औषधी खुवाउनु हुन्थ्यो । तर पनि बिट्टु चौधरीको झट्का निको भएको थिएन । मनोचिकित्सक डाक्टर सन्दीपकुमार बर्मा द्धारा चेकजाँच पछि बिट्टुको स्वास्थ्यमा सुधार आयो । अहिले बिट्टु निरन्तर औषधी खाईरहनु भएको छ । उहाँले आफ्नो श्रीमती सगँसगै एउटै कारखानामा काम पनि गर्न थाल्नु भएको छ । बिट्टुको आमाले आफ्नो छोराले दोश्रो जन्म पाएको भन्दै दलित सामाजिक बिकास केन्द्रलाई धन्यबाद दिनु भयो ।

## रिसालु सद्दामको बदलिएको स्वभाव

कपिलवस्तु जिल्लाको मायादेवी गाँउपालिका वडा नम्बर १ पकडीको बर्रोहिया गाँउमा बस्ने बिपन्नवर्गका बाबुल्लाह भाट र नुरजहाँ भाटको माईलो छोरा सद्दाम हुसेन हुनु हुन्छ । उहाँ २४ बर्षका अबिवाहित व्यक्ति हो । जन्मदा स्वस्थ्य जन्मेका सद्दाम ६ बर्ष हुदाँ अचानक ज्वरो आउने, पखालालाग्ने, वान्ताहुने र कम्पन (झट्का) आएर २४ घण्टा सम्म बेहोस हुनु भएको थियो । औषधी उपचार गराउदा डाक्टरले मस्तिष्कको ज्वरो आएको हुनाले मस्तिष्कको नसा दबिएको छ भनेको  थिए । त्यसपछि उहाँको ब्यवहारमा बिस्तारै परिवर्तन आउन थाल्यो । सोही कारण झगडा गर्ने, आफ्नो रिस नियन्त्रण गर्न नसक्ने, जथाभाबि हिड्ने, आगो पानी गाडि केहीको डर नहुने, फोहोर र सफाथाहानहुने, जसको पायो उसैको जुठो खाने, आत्हत्या गर्ने कोशिस सद्दामले गर्नु भयो ।

सुरूवातमा झारफुकमा बढि समय लगाएपनि पछि औषधीमा परिवारको ध्यान गयो । तर औषधि गराएता पनि सद्दामको स्वास्थमा सुधार भने आएन । औषधी गराउनको लागी बुटवल, भैरहवा तथा भारतमा समेत लगेर उपचार गराए पछि भैरहवा मेडिकल कलेजबाट औषधी लगातार गराउनु भयो । मेडिकल कलेजबाट औषधी गराउदा १

महिनाको ७ हजार पैसा ऋण लिएर पनि सद्दामलाई पुर्ण रूपमा सन्चो भएको थिएन। औषधी खादाँ पनि सद्दामको रिस कम भएको थिएन। सद्दामलाई अत्याधिक रिस उठ्ने र रिसको कारण आफुलाई हत्या गर्न कोशिस गर्ने, बाटोमा जथाभाबी हिड्ने लगायतको समस्या देखियो। दलित सामाजिक बिकास केन्द्रबाट प्रत्येक महिना मनोचिकीत्सकको भ्रमण स्वास्थ्य संस्थामा हुने भएकोले उहाँलाई यशोधरा आधारभुत अस्पतालमा २०८० पुष ७ गते चेकजाच गराएर औषधी दिइयो। त्यस पछि भैरहवा मेडिकल कलेज जान नपर्ने भयो। उहाँले अहिले मायादेवी गाँउपालिकाको पकडी स्वास्थ्य चौकिबाट औषधी ल्याएर खान थाल्नु भएको छ।दलित सामाजिक बिकास केन्द्र बाट आयआर्जनका लागी ३० हजार रूपैया उहाँको परिवारले सहयोग पाएर बाख्रा पालन गरीरहेको छ। उहाँले दिनहु नियमीत औषधी खाने र बाख्रा आफै चराउने काम गर्नु हुन्छ। औषधी स्वास्थ्य संस्थामा निशुल्क पाउने भएको हुनाले सद्दामको घरमा पैसा ऋण लिनु नपर्ने भएको छ। जसका कारण सद्दामको आमा बुवालाई आर्थिक भार कम भएको छ। स्थानिय स्वास्थ्य चौकि बाट सजिलै औषधि खान पाँउदा सद्दामको परिवारले दलित सामाजिक बिकास केन्द्रलाई धन्यबाद दिएका छन्।

## भोगेको निरासामा आशा पलायो

कपिलबस्तु जिल्लाको दक्षिणी भेगमा पर्ने छिमेकी राष्ट्र भारत संग सिमा जोडिएको पिछडिएको पालिकामध्ये यशोधरा गाउँपालिका पनि एक हो। यस यशोधरा गा.पा. वडा न.३ बहडिलवा पनि एक परम्परगत सोच भएको गाँउ हो। यो टोलमा यादव, कुर्मि, मुराउ, कहाँर लगायत मधेशी समुदायको बहुल्यता रहेको छ। यहाँका धेरै जसो ब्यक्तिहरू कृषि पेशामा नै आधारित रहेका छन। परम्परागत कृषि पेशा तथा छिमेकी राष्ट्र भारत संग नजिकको बजारको पहुँच भएकोले खेतीपातीमा भारतिय परम्परा र बिधि अनुसार खेतीपाती तथा पशु पालन ब्यवसाय गर्दै आएका छन।

यो समुदायमा बासोबास गर्ने मनकामना आत्मनिर्भर समुह यशोधरा गा.पा. वाड न. ३ बहडिलवा का एक जना महिला सदस्य आरती कहाँर पनि हुनुहुन्छ। आरती अहिले ५० बर्षको हुनु हून्छ। वहाँको घर परिवारमा श्रीमान श्रीमती २ छोरा बुहारी, नाती नातिना सहित १२ जना सदस्यहरू सगोलमा बस्नु हुन्छ । वहाँ हरू पनि गाँउको अरू सदस्य सरह आफनो जीवनयापन कृषि पेशा अगालेर बिताउने गर्नु भएको हो। बर्ष भरि खान न पुग्ने कारणले आरती कोहार को श्रीमान सदानन्द कोहार मुम्बई कमाउन पनि जानु पर्ने बिगतको अवस्था थियो। कृषि पेशालाई कसरी स्तरिय बनाउने ? घरमै सबै परिवार बसेर कसरी गुजारा चलाउने भन्ने श्रीमान श्रीमतीको सोच मनमा आइरहने गरे

को थियो। खेतीपातीमा आफनो सीप, श्रम र लगानी गरे पनि उपलब्धी खासै मिलेको थिएन । खेत बारीमा उत्पादन लागत भन्दा बढी मेहनत र कम आम्दानी हुने कुराले उहाँहरूलाई निरूत्साहित गर्ने गर्दथ्यो । गुइठा बनाउन आरतीको दिनको २ घण्टा त्यसमै जाने  गरथ्र्यो। फोहर र धुवाले झन स्वास्थ्यलाई खराब गर्ने र औषधीमा पैसा खर्च बढि लाग्ने गरेको थियो।

उत्थानशील जीविकोपार्जन गर्ने उदेश्यले २०७५ सालमा दलित सामाजिक बिकास केन्द्र र यू.एमएनको सयुक्त साझेदारीमा जीवन सुधार परियोजनाले गठन गरेको मनकामना अत्मनिर्भर समुहमा आवद्ध भए पश्चात आफुले "भोगेको निरासामा आस पलाएको" महसुस भएको जस्तो उहाँलाई लाग्यो। जीवन सुधार परियोजनाले समुदायका ब्यक्तिहरूको आर्थिक, सामाजिक, वातावरणिय उत्थानशीलताका लागी समुह बनाएर समुदायका सदस्यहरूलाई समाजमा रहेका हानिकारक मुल्यमान्यता न्यूनिकरणका लागी महिला शसक्तिकरण, जलवायू परिर्वतन अनकुलन तथा न्यूनिकरणका लागी समुदायमा रहेको प्राकृतिक स्रोत संरक्षण तथा किसानहरूको घरमा समेत रहेको स्रोत को सदउपयोग गरि वातावरण तथा जीविकोपार्जन सुधार ल्याउन बिभिन्न तालिम, सिकाईका लागी भ्रमण, अन्तरक्रिया कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

परियोजनाको सीप बिकास तालिम, कृषि प्रविधि प्रर्वधन तथा सहयोगले आरती र वहाँको श्रीमान सदान्नदले ब्यवसायिक तरकारी तरकारी खेती गरि जीविकोपार्जनमा उत्थानशील हुनथालेको देखिन्छ। वहाँको गाउँमा पोखरी ब्यवस्थापन गर्न र बृक्षारोपण कार्यकममा सक्रियता देखाएको कारण वहाहरूले जलवायू परिर्वतन अनकुलन तथा न्यूनिकरण तालिममा सहभागी हुने असर समेत प्राप्त गर्नु भयो। ब्यवसायिक तरकारी खेतीमा पनि शुरू शुरूमा बढि रसायनिक मल र बिषादीले बढी खर्च हुने समय पनि बढी खर्चिने भएकोले आफनै खेत बारीमा निस्केको झारपात, गोबर सोतरलाई ब्यवस्थापन गरि गोबर ग्यास प्लान्ट निमार्ण, भर्मिकम्पोष्ट पीट निमार्ण गरि गड्यौला मल उत्पादन र सानो बिद्युतिय मोटरले चाहिने जतिको सिचाई प्रविधिक अनुसार गर्ने गर्दा वातावरण प्रति उहाँहरूको सचेतना बढेको छ। उहाँहरूले परियोजनाले सिकाएको क्रियाकलापले आफु र आफ्नो परिवार खुसी भएको बताउनु हुन्छ।


# बिजय प्रकाशको पोखरी प्रतिको बिश्वास

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा वरपर परम्परागत र सार्वजनिक पोखरीहरू छन। यशोधरा गाँउपालिका वडा नं. ३ बसन्तपुर बस्ने बर्ष ३२ बर्षिय बिजय प्रकाश श्रीवास्तव एक सामाजिक व्यक्तित्व हुनुहुन्छ।  वहाँले समाज तथा टोल सुधार का लागी सधै अग्रसरता देखाउनु हुन्छ। समुदायलाई अगाडी बढाउन र समुदायको हकहितका लागी सधैनै काम गर्ने उहाँको रूची हो। समुदायमा बिकासको काम रोड, नाली, पुल मात्रै भएको समुदायको बुझाईरहेको थियो। टोलमा रहेको पोखरी, ताल, सार्वजनिक सिचाँईका स्रोत संरक्षणमा कसैको चासो थिएन। पोखरी तालहरू दिन प्रतिदिन फोहर फाल्ने ठाँउको रूपमा रूपान्तरित भएका थिए।

स्थानियले पोखरीको चारैतिर बर्षेनी कब्जा गर्दा पोखरीहरू झनझन सानो हुदै गइरहेको थियो। मिति २०७५ सालमा दलित सामाजिक बिकास केन्द्र र युनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा संचालित जीवन सुधार परियोजनाले यस यशोधरा गाँउपालिका वडा नं. १, २ र ३ मा जलवायु परिर्वतन अनकुलन तथा न्युनिकरण तथा बिपद् जोखिम न्युनिकरणको क्षेत्रमा काम गरिरहेको कुरा बाहिर बाहिर महिला समुह मार्फत सुनेको श्रीवास्तव बताउनु हुन्छ। जीवन सुधार परियोजनाकले त्यहीको बिद्यालयमा समुदाय स्तरियमा जलवायू परिर्वतन अनकुलन, न्यूनिकरण तथा बिपद ब्यवस्थापनका तालिमको आयोजनामा वहाँ पनि सहभागी भए पछि जलवायू परिर्वतनले त हामीहरूलाई प्रभावित गरिसकेको छ आउने दिनहरूमा यसले हामी माथी दिन प्रतिदिन हाबी हुदै गएको कुरालाई उहाँले मनन गर्नु भयो। यस तालिमको सहभागिताले जीवन सुधार परियोजनाका सरहरू सित अझ सिक्ने चाहना बढन लाग्यो। हाल जलवायू परिर्वतनको प्रभाव हाम्रो गाउमा पानीलाई प्रभावित गर्ने देखिएको उहाँलाई महसुस भयो। जस्को प्रतिफल  गाउँमा भएका पोखरीहरू सुक्दैजानु, दिन प्रतिदिन सानो हुदै गएको कुरा उहाँको मनमा लाग्यो। पोखरीको समस्यालाई लै उठाउने भनि परियोजनाका स्टाफ लग्गन हरिजन सित छलफल गर्नुभयो। आफनो गाउमा भएको पोखरीको संरक्षणका लागी समुदायका ब्यक्तिहरू सित पटक पटक कुरा राख्दा कसैले पनि चासो राख्दैनथे। यशोधरा गा.पा. वडा न.३ पश्चिम बसन्तपुरमा रहेको कृष्ण धार्मिक बिद्यालयको पोखरी को अवस्था हेर्दा गाउको फोहरले दुर्गन्धित बन्दै गएको थियो। पोखरीमा पानीको लेबल पनि घटदै गएको र भविश्यमा गाउँमा खानेपानीको समेत समस्या आउन सक्ने भन्दै गाउँ समुदायलाई पटक पटक भेला गर्दा सधै बिबाद नै बिबाद हुने गर्थ्यौ। तर बिजयको प्रयासले बिजय प्राप्त गरेको देखियो। बिद्यालय वडा कार्यालय तथा दलित सामाजिक बिकास केन्द्रको  समन्वयमा मिति २०७८ सालमा पोखरी व्यवस्थापन समिति गठन भयो।

हाल दलित सामाजिक बिकास केन्द्रको सहयोग तथा बिजय नेतृत्वको पोखरी संरक्षण तथा ब्यवस्थापन समितिले पोखरीको सरसफाई, सिमान्कन र तारबार गरि पोखरीलाई जिवित बनाई उदाहरणिय कार्य गरेको छन । हाल यो पोखरीबाट बर्षिक १ लाख सम्म माछा पालन गरि आम्दानी पनि हुन लागेको छ । अहिले उहाँ वातावरण सुधार तथा वातावरण संरक्षणका लागी टोलका अन्य सदस्यहरूलाई पनि बृक्षारोपण गराउन, निजि पोखरी खन्न समेत उर्जा दिने काम गर्नु हुन्छ । हालमा पनि पोखरी ताल संगको माया बढन थाले पछि पोखरीको संरचानामा पनि कसैले भत्काउने काम गरेको देखेर उनिहरूलाई सम्झाउने बुझाउने र कहिलेका काहीगालीपनि गर्नु उहाँको दैनिकी बनेको छ । उनि अहिले उहाँले पर्यावरण संरक्षणको सिपाहीको रूपमा आफुलाई बुझ्न थाल्नु भएको छ । पोखरी बचाऔ, जिवन जोगाऔको अभियान चलाउने वहाँको योजना साकार हुदै गएको छ ।

## माया हुनुभयो नमुना



नाम : मायाकुर्मि

उमेर : ३६ बर्ष

ठेगाना : यशोधरा गा.पा. वडा न. २, गनेशपुर

समुहको नाम : गंगा सागर आत्मनिर्भर समुह

दलित सामाजिक बिकास केन्द्र र यूनाइटेड मिसन टु नेपालको सयूक्त साझेदारीमा संचालित जीविकोपार्जन तथा वातावरण सुधारद्धारा समुदायको उत्थानशीलता सवलीकरण (जीवन सुधार) परियोजनाको कार्यक्षेत्र कपिलबस्तु जिल्ला यशोधरा गाउँपालिका वडा न. २ गनेशपुर पनि हो र गनेशपुर बस्ने ३६ बर्षिय माया कुर्मि एक समान्य परिवारको बुहिरी हुनुहुन्छ । उहाको परिवारमा १ छोरी १ छोरा १ देवर गरि आफु र श्रीमान सहित ३ पुरूष र २ महिला गरि ५ जना सदस्यहरू हुनुहुन्छ । १० कक्षा को परिक्षा सकिएपछि १६ बर्षको उमेरमा बिवाह भए पछि उहाँका लागि गने शपुर नयाँ पाठशालाको रूपमा रह्यो । यो ठाँउको समाजले परम्परा र सामाजिक रूढीबाद नकरात्मक मुल्यमान्यता अनुसार वहाँ पनि घर भन्दा बाहिर जान नपाउने, घुघटमा बस्नु पर्ने भएकोले वहाँको गतिशिलतामा रोक लाग्न पुग्यो । त्यस पछी वहाँ घर भित्र मात्र सिमित रहि घर भित्रको काममात्र गर्ने गरि बस्नु पर्ने हुन थाल्यो । बुहारीहरूले खाना पकाउने घर परिवारको लुगा कपडा सफा गर्ने, घर परिवार बाहेक टोलको अन्य ब्यक्तिहरू संग बोल्न नपाउने थियो । कक्षा १० को परिक्षामा पनि असफल भएको कुरा थाहा पाउदा धेरै दुखीः हुनु भएकी उहाँलाई समाजमा बुहारीको शिक्षालाई

आवश्यकताहिन महसुस गरिएको अनुभुती हुन थाल्यो ।

२०७५ सालमा सोही गनेशपुर टोलमा दलित सामाजिक बिकास केन्द्र र युनाइटेड मिसन नेपाल को संयुक्त साझेदारीमा संचालित जीविकोपार्जन तथा वातावरण सुधार द्वारा समुदायको उत्थानशिलता सबलीकरण परियोजना जीवन सुधारले आत्मनिर्भर समुह गठन गर्‍यो । सामाजिक, आर्थिक र वातावरणिय उत्थानशीलताको क्षेत्रमा काम गर्न शुरू भएको कुरा सुन्दा पनि मायालाई हामीलाई केको चासो भने झै लाग्थ्यो । परियोजनाले समुदायको सहभागितामा सम्पन्नता स्तरिकरण गर्दा वहाँको घर पनि समुहमा बस्न छनौटमा पर्‍यो । समुह गठन गर्दा समुहका लागी छनौटमा परेका सबै जनाको घरको सासु आमाहरू सहभागी हुनुभयो । समुह तथा बैठकहरू संचालन गर्दा समुहका सबै सदस्यहरू हामी त बुढो सुगा हो अब के सिक्ने ? के पढने ? मतलबै छैन भन्नु हुन्थ्यो । तर परियोजनाको लक्ष्य पुरा गर्न धेरै नै कठिन हुने जस्तो लाग्थ्यो । समुह गठन भएको १ बर्ष बित्दा अब बढी उमेर समुहका सासु आमाहरूको ठाउमा बुहारी ल्याउने भनि समुहमा छलफल हुदाँ मायाले सासु आमा संग समुहको बारेमा जिज्ञासा राख्न खोज्नु भयो र तर सासु र श्रीमानको डरले केहीभनु भन्ने आट आएन । केही दिन पछि समुहको बैठक उहाँकै घरको आगनमा गर्न थाले पछि समुहमा एक जना पनि बुहारी देख्नु भएन । समुहको खाता पाता तथा मासिक बैठक गराउनका लागी परियोजनाले एक जना समुह स्वयमसेवक राख्नु पर्ने सुचना सुनायो । तर समुहमा तर एक जना पनि अगाडी न आउने भए । मायाले आफनो श्रीमान, सासु संग हिम्मत गरि समुह स्वयमसेवकको बारेमा जानकारी लिनु भयो । त्यस पछि उहाँले सो पदमा काम गर्ने ईच्छा देखाउनु भयो । तर घरका परिवार बाट सहमती मिलेन । तर सामाजिक परिचालक लग्गन हरिजनले सधै त्यही समुहको बैठक बस्ने भएकोले वहाँको घर परिवार संग धेरै मिल्ने भएकोले बुहारी पढेको कुरा थाहा पाई समुहमा समावेश गराउने प्रयासले मायालाई समुह स्वयमसेवक पदमा राख्ने निर्णय गरयो ।

समुह स्वयमसेवकहरूको तालिममा आउदा श्रीमानले छोडन आउने, लैजाने गर्दै गर्दा वहाले परिवारको बिश्वास जित्न सफल हुनुभयो । परियोजना प्रति परिवार को लगाव तथा वहाँको कार्य क्षमताले अझ जागर आउन थाल्यो । परियोजनाको तालिम तथा बैठक, छलफलले वहाको क्षमता अभिबृद्धि भई समुहको माइनुट लेख्ने, मासिक बैठकहरू गराउने, बचतहरू आफै ब्यवस्थापन गर्ने र समुदायका सवालहरू बारे छलफल चलाउने कार्यहरू गर्न थाल्नु भयो । समुहमा वहाँको कार्य तथा प्रयासले समुहमा अझ ७ जना बुहारीहरू जोडिनु भयो । उहाँ नमुना बुहारीको रूपमा पहिचान बनाउन सफल भएको कुरा समुहकी अध्यक्ष बताउनु हुन्छ । उहाँ एक्लै माइत जाने, तालिममा जाने, गर्भवती महिला तथा बुहारीहरू लाई स्वास्थ्य जाँच गराउन सहयोग

गर्ने गर्नु हुन्छ । उहाँ बिभिन्न योजना तथा परियोजनाहरूको योजना निमार्ण तथा प्रस्तावहरू राख्न सहभागी हुन थाल्नु भएको छ । २ बर्ष पछि (२०७८) सालमा जीवन सुधार परियोजनामा २ जना महिला (बुहारी) सामुदायिक परिचालक आवश्यक भएको आवश्यक्ता थाहा पाई आफु पनि यस पदको लागी सक्षम छु जस्तो लाग्यो । त्यसै ले उहाँले दलित सामाजिक बिकास केन्द्रमा आफै गई निबेदन दिनु भयो । छनौटका लागी लिखित मौखिक तथा प्रस्तुति परिक्षामा भाग लिए पछि अन्तमा वहाँले १० कक्षा पास नभएको कारणले असफल हुनु परेको भन्ने सुझाव सस्थाबाट पाउनु भयो । १० कक्षा पास हुन नसकेको कुराले वहाको मन छोयो । तर के गर्नु पढाई छोडेको २० बर्ष बितिसकेको थियो । समाज तथा घरपरिवारले पुनः पढाउन असम्भव जस्तै थियो । तर दलित सामाजिक बिकास केन्द्रले तपाईले अब पढनु पर्छ भनेर घर परिवार संग छलफल र प्रयास पछि पुनः वहाँ २० बर्ष पछि बुद्धपदम मा.बि.तौलिहवामा २०७९ को SEE परिक्षामा सहभागी हुनका लागि भर्ना हुनुभयो । तर ३६ बर्षको उमेर, बच्चाहरूको हेरचाह, घरको काम, समुहको जिम्मेवारीले नियमित कक्षामा पढन सम्भव थिएन । मायाले आफै स्वअध्यन गरि SEE परिक्षा पास हुनु भयो । "२० बर्ष छोडेको पढाई पास हुदा धेरै नै खुसीले गदगद छु । मेरो परिश्रम र सस्थाको प्रयासले सफलता पाएकोमा सस्थाका सबै सर मैडमहरूलाई धन्यबाद दिन चाहनछु ।" माया भन्नु हुन्छ

## सोनीको सानो प्रयासले जीवनमा ल्यायो आश

कपिलबस्तु जिल्लाको सदरमुकाम तौलिहवा देखी दक्षिण छिमेकी राष्ट्र भारतको सिमाना संग जोडिएको यशोधरा गा.पा. वडा न.१ रजवापुर भारत र नेपालको सिमानामा त्यही समुदायमा बस्दै आएकी सोनी माली हुनुहन्छ । उहाँको त्यस बेला सम्मको परिचय घर भित्र घुमटोमा बस्दै आएको बुहारीको रूपमा सिमित थियो । वहाँको परिवारमा आफु श्रीमान तथा १ छोरी २ छोरा गरि ५ जनाको सानो परिवार रहेको छ । उहाँ भारतको जिल्ला सिद्धार्थनगरमा माइती भएको र बालबिवाहको चपेटामा परेको महिला हुनुहुन्छ । उहाँको हालको उमेर ३६ बर्ष रहेको छ । सोनीको श्रीमान भारतको मुम्बइमा गई रोजगारी गर्ने र आएको रकमबाट घरबार चल्ने गरेको छ । वहाँहरूको जातिय पेशाले फुल बेच्ने तथा जिविका चलाउने हो । तर गाउ घरमा फुल बेच्ने पेशा अहिले छैन । त्यसैले बेरोजगार भएर श्रीमान भारतको मुम्बइमा कमाउन जानु पर्ने भएको थियो । श्रीमानको मात्र कमाइले घर बार चलाउन गाह्रो हुने, बाल बच्चा पालनपोषण, बच्चाहरूको पढाई लेखाई का लागी घरखर्च चलाउन गाह्रो हुने गर्दथ्यो । दलित सामाजिक बिकास केन्द्र तथा यु.एम.एनको सयूक्त साझेदारीमा संचालित जीविकोपार्जन तथा वातावरण सुधारद्धारा समुदायको उत्थानशीलता सवलीकरण

(जीवन सुधार) परियोजनाद्धारा संचालित लाली गुरास आत्मनिर्भर समुहमा वहाँ अलि पढेलेखेको हुनाले सचिवपद मा छनौट हुनु भएको थियो। शुरूमा उहाँ समुहको काम र समुहमा शुरूमा आउदा लजाउने, केही पनि नबोल्ने, छिटै घर जान खोज्ने गर्नुहुन्थ्यो। तर समुहको नियमित बैठक, सामाजिक सवाल, समाज तथा परिवारमा महिलाको भुमिका, समुह सचिवको काम कर्तब्य र अधिकार बारे जानकारी प्राप्त पछि सोनीको समुह प्रति लगाव बढदै गयो। आफु अनि समाजमा घुल मिल हुन थाले पछि घुघटबाट घर तथा घरबाट समुह सम्म पुग्दा आफुलाई धेरै खुसी लागेको उहाँ बताउनु हुन्छ।

सोनी मालीको आफनो जग्गा जमिन पनि थोरै छ। सो जग्गाले ३ महिना सम्म पनि खान नपुग्ने भएकोले आर्थिक अवस्था नाजुक थियो। वहाँलाई सिलाई कटाईको ज्ञान थियो त्यसैले मेसिन खरिद गरि कपडा सिलाउन ब्यवसाय शुरू गर्दा टोलमा धेरै जसोको घरमा आफै सिलाउने भए पछि र सिलाएको पनि उधारो नउठदा सोचे जस्तो आम्दानी हुन सकेन। समुह निर्माणको १ बर्ष पछि समुहको छलफलमा आर्थिक अवस्था कमजोर अति बिपन्न, एकल महिला, अपाङ्गता भएका ब्यक्तिहरूलाई गैर कृषि ब्यवसाय गर्न सहयोगका लागी सुचना अनुसार समुहबाट सोनी मालीको नाम निर्णय गरि दलित सामाजिक बिकास केन्द्रमा पठाउदा सम्म मनमा ठूलो आस पलाएको जस्तो लाग्यो। तर श्रीमान संगको सल्लाह गर्न बाकी रहेकाले मनले मानिरहेको थिएन। गैर कृषि ब्यवसायका लागी छनौटको बेलामा श्रीमानको सल्लाह सहित परार्मश गोष्ठीमा उहाँको स्पस्टता,लक्ष्य तथा लगनशीलता देखेर संख्याले उहाँलाई खाजा व्यवसाय संचालनका लागी २० हजार रूपैया उपलब्ध गरायो। सो रकम पाएको एक हप्तामा आफ्नो ५ हजार थप गरेर आफ्नै घर भित्र समोसा, चाट, चाउमिन, अण्डा व्यवसाय शुरू गर्नु भयो। वहाँको ब्यवसाय गर्ने सीप तथा लगनशीलता देखेर श्रीमानले पनि सहयोग गर्न थाल्नु भयो। त्यस पछि सोको पनि साहस बढ्यो। टोलमा खाजा पसल नभएकोले वहाको पसल छिटैनै फस्टाउने महसुस गरेको उहाँले समुह अनुगमनका क्रममा बताउनु भयो। अहिले सोनीको समोसा पसलभने पछि गाँउमा सबैले चिन्न थालेको छन। सानीले फुर्सदको समयमा गाँउघरका लागी चाहिने देवतालाई चढाउने रथ,माला समेत बनाई बिक्री बितरण गर्न श्रीमानलाई सघाउनु हुन्छ। हालमा सोनीले दैनिक १ हजार ५ सय देखी २ हजार सम्म आम्दानी गर्नु हुन्छ। दैनिक आम्दानीबाट रू. ५० खुत्रुके बचत र रू. ५० मासिक समुहमा बचत गर्नु थाल्नु भएको छ। त्यति मात्रै होईन पसलमा चिसो पेय पदार्थ बिक्रीका ३५ हजारको फ्रिज समेत किन्नु भएको छ। पसलमा २० हजार बढिको सामाग्री पनि छ। सोनीको समोसा पसलले दैनिक घरबार चलाउन, छोरा छोरीलाई बिद्यालय पठाउने, औषधी उपचार गर्ने कार्यको लागी सहजभएको छ। अहिले श्रीमान र श्रीमती दुबै मिलेर पसल संचलान गर्ने गर्नु भएको छ। छोरीलाई टाढाको बिद्यालय

जान आउनका लागी ७ हजार ५ को साईकल किनेर छोरी पढाउन थालेको उहाँले जानकारी दिनु भयो। अहिले समाजमा वहाँको कामलाई गाँउका मानिसहरू सकारात्मक तथा उदाहरणको रूपमा लिइरहेको छन। आफुले पसल चलाई उदाहरणिय महिला उद्यमीको रूपमा चिनाउने लक्ष्य राखेको कुरा समुहका सदस्यहरू उहाँ बताउनु हुन्छ। वहाँमा व्यवसाय मात्र नभई सामाजिक कार्यहरूमा पनि त्यत्तिकै सक्रियता देखिएको छ। समुह तथा समुदायमा हुने समाजिक गतिबिधिमा सहभागिता समेत जनाउने गर्दै आउनु भएको छ। उहाँको बोल्ने क्षमतामा बिकास भई महिला दिवसका दिन बक्तृत्वकला प्रतियोगितामा समेत भाग लिई सन्त्वना पुरस्कार समेत प्राप्त गर्नु भयो। "मलाई ब्यवसायको बाटो देखाउने, नियमित सहयोग गर्ने, बेला बेलामा मेरो ब्यवसायलाई अनुगमन गरि सुझाव सल्लाह दिने जीवन सुधार परियोजनाका सबै सर मैडमहरूलाई धन्यबाद दिन चाहन्छु। आउने दिनहरूमा यो आफनो पसललाई नियमित बढाउदै जाने र सफल उद्यमीको रूपमा स्थापित हुने लक्ष्य छ।" सोनी भन्नु हुन्छ।

## 'स्वरोजगार नै जीवनको आधार'

कपिलवस्तु जिल्ला को दक्षिण भेगमा पर्ने यशोधरा गाउँपालिका वडा न १ मा ४१ वर्षिय उर्मिला गुप्ताको बसोबास छ। उहाँ सँगै श्रीमान २ छोरी, र ३ छोरा गरि जम्मा ७ जनाको परिवार छन। छोरी १ जना र छोरा १ जना पूर्ण अपाङ्गता छ। वहाँको आर्थिक अवस्था अति कमजोर रहेको थियो। वहाँ सँग खेती योग्य जमिन ३ कट्ठा मात्र रहेको छ। त्यसबाट वहाँका सबै परिवारलाई १ वर्ष खाना नपुग्ने हुन्छ। वहाँको दैनिकी घरको कामकाज तथा छोराछोरी को देखरेखमै बित्ने गरेको थियो। वहाँको श्रीमानले पारिवारिक अवस्था झन बिग्रिदै जादा यहाँ पनि कुनै रोजगार नपाए पछि परिवारको देखवालको जिम्मा श्रीमतीलाई लगाएर भारतको दिल्लीमा रोजगार ीका लागी जानु भयो। दिल्लीमा कमाउने शिलशिलामा घरका मुली नै रहेका वहाँका श्रीमान बिरामी भए पछि पुन: फर्केर घर आउनु भयो। "गरिबीको आटा गिलो हुन्छ" भने उखान जस्तै भयो उर्मीलाको जिवनमा पनि। श्रीमान घर फर्के पछि औषधी गराउदा ऋणको चापले अति नै गाह्रो भएको थियो। श्रीमानलाई सन्चो भए पछि अव दिल्ली न जाने भन्ने निधो भए पछि यही घरमा बसेर केही गर्नु पर्छ भन्ने लाग्यो। त्यस पछि मेलामा, टोल टोलमा सानो जेरी घुम्ती पसल संचालन गर्न थाल्नु भयो। श्रीमानलाई खाना पकाउने सीप पनि भएकोले बिवाह पार्टीहरूमा खाना पकाउन पनि जान थाल्नु भयो। यता उर्मिलाले खेतमा मजदुरी गरेर पाएको चामल तथा पैसाको आम्दानीले घर बार चलाउन थाल्नु भयो। श्रीमान बाहिरको काम गर्ने र श्रीमती मजदुरी गर्न जादाँ ती २ अपागता भएका बच्चाहरूको रेखदेखमा धेरै नै समस्या पर्न थाल्यो।उनिहरूको खान

लाउन, पोषण, सरसफाई र कपडा लत्ताको ब्यवस्थापन गर्न थप समस्या हुन थाल्यो ।

२०७५ सालमा दलित सामाजिक विकास केन्द्र र युनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा जीवन सुधार परियोजनाले गठन गरेको एकता आत्मनिर्भर समुहमा उर्मिला गुप्ता आवद्ध हुनु भएको थियो । समुहको नियमित बैठक तथा छलफलमा सक्रिय रूपमा सहभागी हुने गर्नु हुन्थ्यो । समुहमा हुदाँ सहभागिहरूले हस्ताक्षर गर्ने, अपाङ्गता भएको ब्यक्तिको परिचयपत्र बनाउने र पाउने सेवा सुविधा बारे थाहा पाउनु भयो ।

वहाँको दैनिय अवस्था तथा वहाँको छोरा छोरी अपांगता भएको कारण समुहका सदस्यहरूले समुहमा आएको गैर कृषि ब्यवसाय सहयोग गर्नका लागी समुह मार्फत नाम  निर्णय गरे ।  जीवन सुधार परियोजनाबाट वहाँ को श्रीमानमा रहेको सीपको सहि सदउपयोग गर्ने इच्छा सहितको निबेदन पछि सस्थाको निणर्य अनुसार स्थायी रूपमा चियाखाजा पसल संचालन गर्न २० हजार रूपैया सहयोग भयो । सो सहयोग प्राप्त गरि वहाँका श्रीमानले आफनै गाँउमा सानो झुपडी बनाई चियाखाजा पसल संचालन गर्नु भयो ।

पसल संचालन गर्दा समुदायको माग अनुसार चिया, समोसा, पकौडा, चना जेरी, नमकिन आदी बनाई बिक्रि गर्दै आउनु भएको छ । वहाँले बनाउने सामाग्री गाँउ समुदायले अति नै मन पराउने गरेका छन । त्यो टोलमा अन्य खाजाको कुनै पसल नभएकोले पसल राम्रो संचालनमा आएको छ । अहिले पसलबाट दैनिक १ हजार देखी १ हजार ५ सय सम्मको आम्दानी हुन्छ ग । पसलबाट गाउँमा हुने भएकोले नगद र अन्नपात समेत प्राप्त हुन्छ ।

अहिले पसलको आम्दानीले उर्मिलाको घरको सम्पुर्ण खर्च चलाएर छोरा छोरीको पढाई लेखाईमा लगाउने गरेको अवस्था छ । उर्मिलाको घरमा रहेका २ जना अपाङ्गता भएका बच्चाको स्याहार सुसार, सरसफाई, कपडा लता लगायतको आवश्यक्ताहरू पुरा भई सुधार आएको छ । अहिले श्रीमान श्रीमती दुबैलाई कामको शिलशिलामा बाहिर जान नपर्ने, अर्काको अगाडी हात फैलाउन नपर्ने र काम खोज्न पनि नपर्ने भएको छ । पसल संचालनमा नियमित रूपमा श्रीमानले समय दिने गर्नु भएको छ । बेला बेलामा सहयोगको लागी छोरा तथा श्रीमती उर्मिलाले हातेमालो गर्नु हुन्छ । अहिले उर्मिलाको परिवारमा खुसियाली देखिएको छ । समुदायबाट सम्मान तथा सहयोग मिलेको छ । "अरूको घरमामजदुरी गर्नु भन्दा आफनो निजि ब्यवसाय गरि आफनो मालिक आफै बन्नु बेश हो । कमसे कम अरूको तितो नराम्रा कुरा सुन्न नपरोस ।  म र मेरो परिवारमा खुसील्याउने सस्था दलित सामाजिक बिकास केन्द्रलाई मेरो र मेरो परिवार को तर्फबाट धन्यबाद दिन चाहन्छु । म र मेरो परिवार जस्तो संकटमा रहेको परिवारलाई सहयोग गरि उत्थान गर्न संस्थाले भुमिका खेल्नेमा बिश्वस्त छु । " उर्मीला भन्नु हुन्छ

# ABL तालिमले ल्यायो जीवनमा परिवर्तन



क्रियाकलापमा आधारित सिकाई सम्बन्धि तालिमले एक जना शिक्षकको  जीवनमा नै परिवर्तन ल्याएको छ। वहाँ हुनुहुन्छ, कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका वडा नं.११ बनगाइ निवासी सबरे आलम गद्दी । वहाँको शैक्षिक योग्यता बि.एड रहेको छ । वहाँको उमेर २२ वर्ष  छ । वहाँ मध्यम वर्गिय परिवारको एक सदस्य हुनु हुन्छ । वहाँको परिवारमा २ जना महिला र ६ जना पुरूष गरि ८ जना सदस्यहरू हुनुहुन्छ । वहाँको परिवारमा १ जना दीदी र ४ जना भाइहरू हुनुहुन्छ। ४ जना दाजु भाइहरू मध्ये वहाँ सबै भन्दा जेठो हुनु हुन्छ। वहाँको परिवार कृषि कार्य तथा खेतीपातीमा आश्रित रहेको छ । वहाँ आफ्नो परिवारको आम्दानीको लागि ४ नं. जीतपुरको होराइजन इंगलिस बोर्डिगं स्कुलमा अंग्रेजी शिक्षकको रूपमा अध्यापन गराउँदै आइरहनु भएको छ। उहाँले २०७६ साल देखि वहाँ मायादेवी गाउँपालिका वडा नं. ३, बरसौलीको मदरसा रियाजुल उलूम अल्सलफिया आधारभूत विद्यालयमा अध्यापन गर्ने कार्य शुरू गर्नुभएको हो। मदरसाको अध्ययन अध्यापन गर्ने कार्य पुरानै विधिबाट संचालन भैरहेको थियो। सधै एकै किसिमबाट प्रार्थना गराउने, हाजिरी गर्ने, किताबको पाठहरू अधिकतम मात्रामा प्रबचन बिधिबाट पढाउने गरिन्थ्यो।

२०७६ सालमा सनशाइन सामाजिक विकास संस्था र युनाइटेड मिसन टु नेपालको संयुक्त साझेदारीमा संचालित परिवर्तनको लागि बालबालिका युवा र समुदाय परियोजना यस वडामा संचालन भयो। त्यसमा यो मदरसा पनि छनौटमा परेको थियो। सामुदायिक विद्यालय तथा मदरसाको शैक्षिक गुणस्तर सुधार गर्नको लागि परियोजनाले क्रियाकलापमा आधारित सिकाइ सम्बन्धि लुम्बिनीको होटल सुरम्मा प्रा.लि.मा तालिम आयोजना गर्‍यो जसमा वहाँले सहभागी हुने अवसर प्राप्त गर्नुभएको थियो। त्यसपछि परियोजनाले २०७९ सालमा भैरहवाको होटल पौवा प्रा.लि.मा क्रियाकलापमा आधारित सिकाइ सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गर्‍यो । यस तालिममा पनि मदरसाको तर्फबाट वहाँको नाम सिफारिस गरियो । यसरी वहाँले प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरे पछि वहाँको शिक्षण सिकाई गराउने तरीकामा एकदमै परिवर्तन आएको छ । वहाँले भैरहवाको क्रियाकलापमा आधारित सिकाइ सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम लिई विद्यालयहरूमा समेत सो सम्बन्धि तालिम संचालन गरि सक्नु भएको छ।



यसरी तालिम पछि वहाँले अध्यापन गराउने मदरसा तथा वहाँको जीवनमा नै परिवर्तन ल्याएको छ । अहिले वहाँले गर्दा त्यस मदरसाका सबै जना शिक्षकहरू वहाँको सिको गरिरहेका छन् । अहिले वहाँको शिक्षण विधि क्रियाकलापमा आधारित रहेकोले विद्यार्थीहरू रमाइ रमाइ पढ्न पाएका छन । त्यसैले सबै विद्यार्थीहरूले उहाँलाई उच्च सम्मान दिईरहेका छन् । यसरी यो तालिमले वहाँको मदरसा देखि लिएर घर पनि सम्मान दिलाएकोले वहाँ साह्रै नै हर्षित हुनु हुन्छ । यसरी सनशाइन सामाजिक विकास संस्थाले गर्दा वहाँको जीवनमा नै परिवर्तन आएकोले संस्थालाइ धन्यवाद दिंदै हर्ष प्रकट गर्नु हुन्छ ।

## शिर्षक नं. १ - समुदायको लागि राधा

## शिर्षक नं. २ - भाँडा माझने देखि शिक्षक सम्माको यात्रा

राधा चौधरी २० बर्षकी किशोरी हुनुहुन्छ । उहाँ  स्नातक तह दोस्रो बर्षमा अध्यनरत हुनुहुन्छ ।  परिवारमा बुवा,  आमा, भाई र आफू सहित ४ जना हुनुहुन्छ । उहाँको बुवाको मानसिक अवस्था ठिक नभएको हुनाले घरपरिवार चलाउन समस्या भइरहेको थियो  । राधा चौधरीले आफनो अध्ययनको लागि जिवन संर्घषमय बिताई रहनु भएको थियो । आफनो अध्ययनलाई निरन्तरता दिनका लागि गाउँमा ज्यला मजदुरी गर्ने, बिहे भोज भतेरहरूमा भाँडा माझने जस्ता कामहरू गर्नु हुन्थ्यो । त्यहि आम्दानीबाट आफ्नो कलेजको फिस तिर्ने गर्नु हुन्थ्यो । सनशाईन सामाजिक बिकास संस्थाद्वारा संचालित सीवाईसीसी परियोजनाले समुदायमा यूवा क्लब गठन गरि कार्यक्रम गरिरहेको थियो । र ाधा चौधरी पनि उक्त क्लबमा आबद्ध हुनुभयो । क्लबको बैठकमा नियसमत सहभागी हुन थाल्नु भयो । राधा शुरु शुरुमा  सहभागी हुँदा परिचय दिन नसक्ने, लजाउने, डराउने गर्नु हुन्थ्यो । यी सब कुराहरूले गर्दा कहिले काहि त समुहमा आउन मन नगर्ने, तर मनमा केही सिक्ने इच्छ रहेको उहाँको बुझाई छ । "जब म नियमित समुहमा आउन थाले बिस्तारै बानी पर्दै जान थाल्यो र परियोजनाले क्लबमा रहेका किशोर

किशोरीहरूको क्षमता अभिबृद्धिका लागि नियामित समुहमा छलफल गर्ने, बैठक बस्ने, बिभिन्न तालिम, अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रमहरूमा पनि सहभागी गराउन थाल्यो । जस्ले बिस्तारै मेरो बोल्ने बानीको बिकास हुन थाल्यो, लजाउने र डराउन पनि हरायो ।" राधा भन्नु हुन्छ । "अहिले आवश्यक परेको ठाउँहरूमा बोल्न सक्ने भए जसले गर्दा आजभोली कुनै पनि ठाउमा आफनो कुरा राख्न सक्ने र अरू पछाडी परेका यूवा बालबालिकाहरूका लागि आवाज उठाउनासक्ने भएकी छु ।" उहाँ थप्नु हुन्छ ।

क्लबले राधालाई थप जिम्मेवारी दिदै क्लबको सहसचिवको रूपमा काम गर्ने मौका दियो । उहाँले परियोजना अर्न्तगत बाल तथा यूवा अनुगमन सदस्यको रूपमा परियोजनाले गरेको क्रियाकलापहरूमा अनुगमन गर्ने गर्नु हुन्छ । त्यसै गरि मायादेवी गाउँपालिकाले करार शिक्षक पदपूर्ती माग गरेको खुल्ला बिज्ञापनमा प्रा. बि. शिक्षकको रूपमा नाम निकालेर श्री हरिबंशपुर आधारभूत बिद्यालयमा अध्यापन गराउन थाल्नु भएको छ । अहिले राधा आफु कमाउन थाले पछि परिवारको अवस्थामा सुधार हुदै गईरहेको छ । यसरी एक अर्कालेे सिक्ने सिकाउने क्रममा यहाँ सम्म आउने एक किसिमको उर्जा प्रदान गर्ने मलाई क्षमताको बिकास गर्ने र शसक्तिकरणको बाटोमा ल्याउने सगरमाथा यूवाक्लबलाई यूनाईटेड मिसन टु नेपालका सर र म्यामहरूलाई धन्यबाद दिन चाहेको उहाँले बताउनु भयो ।

## नन्दलालको जीवनमा छायो खुसी



कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका वडा नः २ पूर्व भडेहर बस्ने ४० बर्षीय नन्दलालकुर्मी शारीरिक अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ । उहाँको घरमा ४ जना परिवार रहेका छन् । जस मध्ये २ जना महिला २ जना पुरूष हुनुहन्छ । उहाँ विवाहित हहुहुन्छ, उहाँको श्रीमतीमा दृष्टिविहिन अपाङ्गता रहेको छ । उहाँको एउटा छोरा र एउटी छोरी गरी २ जना सन्तान छन । उहाँ ५ वर्षको हुदाँ पोलियोको संक्रमण हुदाँ कम्मर देखि तलको दुबै खुट्टा सुकेको छ । उहाँलाई हिलडुल गर्न निकै समस्या हुने गरेको थियो । उहाँलाई घरपरिवारले धेरै ठाउँमा उपचार गराउँदा पनि केही सुधार

भएको थिएन । उहाँले शिक्षा आर्जनको अवसर समेत पाउनु भएन । अलि अलि सिकेर उहाँ सामान्य साक्षर मात्रै हुनुहुन्छ । उहाँको घरमा शौचालय समेत थिएन । उहाँ सम्पन्न घर परिवारमा जन्मे पनि उहाँको विवाह पश्चात उहाँलाई छुट्टयाई दिएका थिए । उहाँ सँग अपाङ्गता परिचयपत्र छ । उहाँको ख श्रेणीको निलो रङ्ग परिचयपत्र छ । उहाँको आम्दानीको श्रोत सामाजिक सुरक्षा भत्ता मात्र थियो । उहाँलाई हाटबजार अथवा कही अवातजवात गर्नु परेमा गाउँघरको मान्छेहरू बाट सहयोग लिने आवश्यकता पर्थ्यो । त्यसरी सहयोग लिदा ल्याउदा लैजादा ४ सयको दरले ज्याला दिनु पर्ने वहाँको बाध्यता थियो ।



दलित सामाजिक विकास केन्द्र र युनाइटेड मिसन टु नेपालको सयुक्त साझेदारीमा सञ्चालित रिहाब अम्बस्टर परियोजनाको कर्मचारी सँग उहाँको सम्पर्क भयो । उहाँलाई परियोजनाको सेवाग्राहीको रूपमा छनौट गर्न वडा कार्यालयको सिफारिसका आधारमा सामाजिक, आर्थिक, शारीरिक, बिश्लेषण गर्दा उहाँलाई संस्थाले सेवाग्रहीको रूपमा छनौट गरेको थियो । त्यसपछि उहाँलाई शौ चालय निर्माणका लागि अनुदान सहयोग, आयआर्जन तथा व्यवसाय सञ्चालनका लागि आर्थिक अनुदान सहयोग आवत जावत र आवागमनका लागि ट्राइसाइकल सहयोग गरियो । सो सहयोग पछि उहाँलाई व्यवसायबाट प्रतिदिन ५ सय देखि ७ सय रूपैया सम्म आम्दानी हुने गरेको छ । अहिले उहाँ हटबजार गाउँको वरपर आफुले चाहेको स्थानहरूमा हिलडुल गर्न ट्राइसाइकल प्रयोग गर्नु हुन्छ । उहाँ आफु र घरपरिवारका व्यक्तिहरूले शौचालयप्रयोग गर्ने गरेका छन । उहाँको अहिले संस्थाको सहयोगबाट जीवनमा खुसियाली छाएको छ । उहाँले संस्थाबाट शौचालय निर्माण, व्यवसाय सञ्चालन, ट्राइसाइकल गरी जम्मा रू १ लाख ५० हजार रूपैया आर्थिक अनुदान सहयोग पाउनु भएको थियो । सहयोगले आफ्नो जीवनमा ठुलो परिवर्तन आएको र सगोलको परिवारबाट सहयोग नपाए पनि संस्थाबाट सहयोग पाएकोमा खुसी लागेको बताउनु हुन्छ । नन्दलाल भन्नुहुन्छ "म जस्तो अपाङ्गता भएको व्यक्तिलाई सहयोग गर्नु धर्म कामाउँनु हो ।"

# पुष्पा हुनुभयो व्यवसायिक



कपिलबस्तु जिल्लाको मायादेबी गाउँपालिका वडा नं. ३ बरगदवा बस्ने २८ वर्षीय पुष्पा केवट एउटा शारीरिक अपाङ्गता भएको महिला हुनुहुन्छ । उहाँको घरमा ७ जनाको परिवार रहेका छन् । जसमध्ये ४ जना महिला ३ जना पुरूष हुनुहुन्छ भने उहाँ अविवाहित महिला हो। उहाँ जन्मिएको ५ वर्षको उमेरमा पोलियो लागेर दुबै हातखुट्टा सुकेको थियो । उहाँलाई भारतको बिभिन्न अस्पतालमा औषधी उपचार गराउँदा गर ाउँदै केही डक्टरको सल्लाह सूझावमा व्यायाम गराउँदा गराउँदा सुधार भई हिलडुल गर्न सक्ने हुनु भयो । त्यस पश्चात उहाँको घरपरिवारले शिक्षा अध्ययनका लागि आफन्तको घरमा पठाउनु भएको थियो । पुष्पाले अध्ययनका लागि निकै संघर्ष गरेर बी.ए सम्मको अध्ययन पुरा गर्नु भयो । त्यस पछि जगिर पाउने आशमा उहाँले शिक्षा शास्त्र संकायको अध्ययन गर्नु भयो। तर जगिर नपाएपछि निरास भएकी उहाँलाई घरमै बस्नु पर्ने बाध्यता भयो। उहाँ घरमै बसेको हुनाले हिनताबोध हुने गरेको र सामाजिक सहभागीता भएको, कुनै सिप नभएको कारणले बेरोजगार भएर बस्नु पर्ने बाध्यता थियो।

दलित सामाजिक बिकास केन्द्र र युनाइटेड मिसन टू नेपालको संयुक्त साझेदारीमा सञ्चालित रिहाब अम्बस्टर परियोजना मायादेबी गाउँपालिकामा सञ्चालन हुने क्रममा परियोजनाको कर्मचारी सँग अन्तरराष्ट्रिय अपाङ्गता दिवसको कार्यक्रममा भेट भयो । त्यस बेला उहाँ सँग छलफल गर्दा तालिम र सहभागीतामा ईच्छा देखाए पछि उहाँलाई सिपमुलक तालिमको लागि संस्थाले छनौट गर्यो। उहाँ कम्प्युटर तालिम लिन तयार भए पछि उहाँलाई कम्प्युटर तालिम उपलब्ध गराईयो। त्यस पछि व्यवसाय सञ्चालनका लागि ५० हजार रूपैया अनुदान सहयोग दिईयो। संस्थाको सो सहयोग सगै घरपरिवारको सहयोगमा पुष्पाले फोटो स्टूडियो र स्टेशनरी पसल सञ्चालन गर्नु भयो । जसबाट अहिले प्रतिदिनको ५ सय देखी ७ सय रूपैया सम्मको आम्दानी हुने गरेको छ। आम्दानीको श्रोत जुटे सगै उहाँले आफ्नो इच्छा अनुसारको खर्च गर्न पाउनु भएको छ। जस्का कारण उहाँ हिनताबोधबाट मुक्त हुनुका सामाजिक सहभागीता बढदा उहाँको जिवनमा खुसीयाली छाएको छ। पुष्पा भन्नुहुन्छ " म जस्तो अपाङ्गता भएको महिलालाई समाजमा व्यवसाय गर्न उत्प्रेरित गरेकोमा संस्थालाई धन्यबाद दिन्छु।"

# रामजीतको जीवन सुधार

नाम : रामजीत यादव

ठेगानाः यशाधरा गाउँपालिका वडा नः७ इटवा

उमेर : ४ बर्ष

परिवारिक संख्या : ४ महिला २ पूरूष गरी जम्मा ६ जना


सुचनादाता/बुवा : केशरी यादव



कपिलबस्तु जिल्लाको यशोधरा गाउँपालिका वडा नः७ इटवा गाउँमा बस्ने श्री केशरी यादवको चौथो सन्तान हुन रामजीत यादव। ३ वटा छोरीको जन्म पछि चौथौ सन्तान रूपमा २०७७ सालको लक डाउनमा जिल्ला अस्पताल तौलिहवामा बैशाख महिनामा रामजीतको जन्मभएको थियो। रामजीतको जन्मदातनै दाहिने खुट्टाको पैतला भित्र फर्केको थियो। त्यो अवस्था देखेर उनको बुवाआमा, घरको परिवार धेरै चिन्तित हुनुहुन्थ्यो। छोराको त्यो अवस्था देखेर जिल्ला अस्पतालको डक्टरहरूसँग सर सल्लाह गर्ने गरेको र जिल्ला अस्पातलमा पैतला सिधाबनाएर पलष्टर गरी दिए पनि सुधार भएन। सो उपचारले केही सुधार नभएको बेला यशोधरा गाउँपालिका वडा नं. ७ मा रहेको गौत्तम बुद्ध अपाङ्गता समितिको अध्यक्ष श्री भगवान दास यादव मार्फत केशारी यादव सँग भेटघाट भएको थियो। रामजीतको अवस्था बिश्लेषण गरी अपाङ्ग बाल अस्पताल बनेपा को शाखा कार्यालय बुटवलमा रामजीतलाई उपचारका लागी सम्प्रेषण गरियो। बालकलाई अस्पतालले सात पटक पलष्टर गरी अपरेशनको निम्ती प्राथमिक पुनर्स्थापना चिकित्सा सेवा सगै बिशेष प्रकारको जुत्ता प्रयोग गर्न सुझाव दियो। अहिले रामजीतको पैतला सपाङ्ग व्यक्ति जस्तो भएको छ। यस्तो अवस्था उनको परिवारले देखेपछि धेरै खुसीभएका छन्। केशरी यादवले भन्नु हुन्छ "ढुङ्गा खोज्दा देउता भेटेको जस्तो भयो। मेरो छोराको उपचार गराउनको लागि सी.बी.आर परियोजनाले आर्थिक सम्पर्क समन्वय गरी छोराको सपाङ्ग व्यक्ति सरह जीवन भएको छ। त्यसैले म र हामी सबै परिवार खुसी छौ साथै चिकित्सा पुनर्स्थापना परियोजनामा काम गर्ने सम्पुर्ण व्यक्तित्वहरू लाई धन्यबाद दिन चाहन्छु।"

## अब म एउटा आधिकारीक नागरिक भएको महसुस महसूस गर्छु ।

बासमती धोवी यशोधरा गाउँपालिका वडा नम्बर ७ कोपवामा रहेको विश्वास आत्मनिर्भर समुहको सदस्य हुनहुन्छु । बासमति ४ वटा सन्तानकी आमा हुनुहुन्छ । उहाँ संग एउटा छोरी र ३ जना छोरीहरू छन । दलित सामाजिक विकास केन्द्रले हाम्रो पहुँच कार्यक्रम संचालन गर्न गाउँको कोपवा गाउँमा वर्ग विश्लेशण गर्दा उहाँ आत्मनिर्भर समुहको सदस्य हुनु सफल हुनुभयो । २६ अगस्त २०१९ देखि उहाँ समुहको नियमित सदस्य रहनु भएको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय कपिलवस्तु
बैबाहिक अंगिकृत नेपाली नागरिकताको प्रमाणपत्र
ना.प्र.नं. : ३८-०१-७९-०६७७३
नाम थरः बासमती धोबी लिङ्ग : महिला
जन्म स्थानः देश : भारत स्थान :
स्थायी बासस्थानः जिल्ला : कपिलवस्तु
गा.पा. : यसोधरा वडा नं. :७
जन्म मितिः सालः २०३६ महिनाः ०९ गतेः १७
बाबुको नाम थर : सिद्धु - ना.प्र.नं.:
ठेगाना : भारत ना. कि.:
आमाको नाम थरः XXX ना.प्र.नं.:
ठेगाना : ना. कि.:
पति/पत्नीको नामथर : शिव गुलाम धोबी ना.प्र.नं.:
ठेगाना : यसोधरा गा.पा.-७, कपिलवस्तु ना. कि.: वंशज

भारतमा माईत घर भएकी बासमतीको २१ वर्ष अगाडी यशोधरा ७ कोपवामा शिवगुलाम धोवी सँग विवाह पछि गौना भयो । गौना पछि उहाँ श्रीमान संग बस्न थालेको करीब १९ बर्षको लामो समय अवधि बिति सक्दा पनि नेपालको आधिकारिक नागरिकको रूपमा उहाँको पहिचान भएको थिएन । उहाँको ससुराले परिवारको नेतृत्व गरे पनि बासमतीको नागरिकताको लागि ध्यान दिनु भएन । उहाँका श्रीमानले पनि बासमतीको नागरिकता दिलाउने विषयमा केही बोल्नु भएन । समुहमा आउनु भन्दा पहिला बासमतीलाई नागरिकताको महत्वको बारेमा केही थाहा थिएन । त्यसकारण उहाँले पनि परिवारमा कसैलाई केही भन्नु भएन ।




आत्मनिर्भर समुहमा आए पछि उहाँले महिलाको अधिकार, मतदानको अधिकार को लागि नागरिकताको महत्व, सामुदायिक समूहहरूमा सहभागिता र आफ्ना बच्चाहरूको पोषण भत्ता लिने प्रक्रियाको बारेमा बुझ्नु भयो । नागरिकता न भएको कारणल उहाँलाई थुप्रै समस्याहरू आए । उहाँका बच्चाहरूको समयमा जन्मदर्ता भएन र उनीहरू विद्यालयमा भर्ना पनि हुन पाएनन् । बासमतीको नागरिकता नभएकै कारण वडावाट उहाँको बच्चाहरूको पोषण भत्ता पाउने अवस्था श्रृजना भएन । उहाँका श्रीमानले करीब १० वर्षदेखि रोजगारीको सिलसिलामा खाडी मुलुकमा समय बिताउनु भएको थियो । समुहमा बस्न थाले पछि उहाँले सबै भन्दा पहिला आफनो नागरिकता बनाउनलाई पहल गर्ने लक्ष्य राख्नु भयो । श्रीमान घर आएको बेला बासमतीले

नागरिकता न भएको कारण परिरहेको कठिनाईको बिषयमा बताउनु भयो । उहाँले श्रीमान सँग यी समस्याहरू बारम्बार भन्नु भयो । तर उहाँको श्रीमानले बासमतीको प्रस्तावलाई आलटाल गरि अर्को पटकको लागि योजना बनाउने बताउनु भयो ।

लक्ष्य निर्धारण गर्दा बासमतीले आफ्नो नागरिकताको योजनालाई प्राथमिकतामा राख्नु भयो । र समय-समयमा श्रीमानसँग कुरा गर्नु भयो । पछिल्लो पटक श्रीमान घर आए पछि नागरिकता बनाउन बेवास्ता गर्नुको कारण सोध्नु भयो । उहाँले आत्मनिर्भर समुहका सदस्यहरूलाई आफ्ना श्रीमानलाई नागरिकताको बारेमा सम्झाई दिन आग्रह गर्नु भयो । समुहका सदस्यहरू उहाँको श्रीमानलाई भेट्न उहाँको घर गए । उहाँको नागरिकता न बनाउनुको मुख्य कारण सोधे । उहाँले आ.नि.स.का महिलाहरूलाई एक शब्द पनि भन्नु भएन तर नागरिकता बनाईदिन तयार हुनु भयो । भोलि पल्ट बिहान शिवगुलाम धोवीले बासमतीलाई नागरिकता प्रक्रियाका लागि वडा कार्यालयमा जान भन्नु भयो । बासमती खुसी भएर वडा कार्यालयमा गएर नागरिकताको सिफारिस लिनु भयो । त्यस पछि जिल्ला प्रशासन कार्यालय कपिलवस्तु जानु भयो । त्यहाँ सबै प्रक्रिया पुरा भए पछि उहाँले नागरिकता प्राप्त गर्नु भयो । अहिले आ.नि.स. को प्रयासमा बासमतीले नागरिकता पाउनु भएको छ । नेपालमा २० वर्षको वैवाहिक जीवन विताए पछि नागरिकता पाएकोमा अहिले उहाँ खुसी हुनुहुन्छ । उहाँले आ.नि.स.का सदस्यहरूलाई हृदय देखि धन्यवाद दिनु हुन्छ । उहाँ भन्नु हुन्छ "अब म आ.नि.स.र सामुदायका व्यक्तिहरूसँग आधिकारिक नागरिक भएको महसुस गर्छु ।" अब उहाँ आफ्नो अन्य प्राथमिकताका लक्ष्यमा अघि बढने योजना बनाउनु भएको छ । जस अर्न्तगत आफ्नो घरमर्मत गराउने र व्यवसाय संचालन गर्ने उहाँका लक्ष्य रहेका छन् ।

## मेरो अध्ययन गर्ने सपना साकार भईरहेको छ ।

विन्दु पासी, कपिलवस्तु जिल्लाको यशोधरा ६ मा अवस्थित पूर्व रामवापुरको जानकी आत्मनिर्भर महिला समूहकी सदस्य र अभिलेखक हुनुहुन्छ । जानकी



आत्मनिर्भर महिला समुह दलित सामाजिक विकास केन्द्र कपिलवस्तु द्वारा सञ्चालित हाम्रो पहुँच परियोजना मार्फत सन् २०१८ मा गठन भएको हो । बिन्दु पासी अहिले ३० वर्षकी हुनुभयो

। उहाँको परिवारमा ३ पुरूष र ३ महिला गरी ६ जना सदस्यहरू रहेका छन् । उहाँ २ छोरी र एक छोराकी आमा पनि हुनुहुन्छ । उहाँका छोराछोरीहरू गाउँ नजिकैको विद्यालयमा अध्ययनरत छन् । विन्दु यशोधरा ६ रंगपुर स्थित श्री बासुदेव जनता माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत छात्रा हुनुहुन्छ ।

समूह सुरूवातको चरणमा विन्दु घरेलु कामकाजमा मात्र सिमित रहनु हुन्थ्यो । बिहे अघि माइती घरमा ८ कक्षासम्म अध्ययन पुरा गरेकी विन्दुको यशोधरा ६ रमवापुर मा बिहे गरे पछि पढाइलाई निरन्तरता दिने इच्छा भए पनि उहाँले विभिन्न सामाजिक बाँधाको कारण निरन्तरता दिन सक्नु भएन । गाउँ र परिवारमा अनुहार छोप्ने चलन (घुम्तो प्रथा) थियो जुन प्रथा आजको दिन सम्म पनि विद्धमान छ ।

आत्मनिर्भर समुह गठन हुँदा उहाँ जानकी समुहको सदस्य हुनुभयो ।  साप्ताहिक समूह बैठकमा नियमित रूपमा उपस्थित हुन थाल्नु भयो । कक्षा ८ सम्म पढाई भएको र समुहको बैठकमा नियमित रूपमा उपस्थित भएकोमा समुहले विन्दुलाई अभिलेखकको जिम्मेवारी दियो ।



शुरूवातमा समूहको सबै सदस्यहरू नियमित रूपमा उपस्थित भइरहेका थिएनन् । बैठकमा आउँदा महिलाहरूले बैठकको लागि खाजा गर्थे । सामुदायिक सहजकर्ता तथा अभिलेखक विन्दुले विस्तारै सबैलाई आत्मनिर्भर पद्धति र समुहको अवधारणाको विषयमा छलफल गराउन थाल्नु भयो ।  त्यस पछि बचतको अवधारणा र बचतको अभ्यास गराउन थाल्नु भयो ।  पछि समहु प्रति सबै सदस्यहरूको चाँसो बढ्न थाल्यो । समुहमा साप्ताहिक रूपमा बचत हुन थाले पछि विन्दुले त्यसको हिसाबकिताब पनि राख्न थाल्नु भयो । यसरी समूह बैठकका लागि समुदायका महिलाहरूलाई भेला गर्न विन्दु सफल हुनुभयो । साप्ताहिक रूपमा प्रति सदस्यले रू १०/- को दरले बचत

गर्ने निर्णय भयो र विन्दु त्यसको जिम्मेवार सदस्यको रूपमा बस्न तयार हुनु भयो। व्यक्तिगत लक्ष्य निर्धारणको सत्रमा छलफलको क्रममा विन्दुले स्कुल जाने गरी आफनो तस्वीर बनाउनु भयो। तर सानो बच्चा भएकाले त्यसलाई निरन्तरता दिन सक्नु भएन। २ वर्ष अगाडी उहाँले आफ्नो सपना आफ्नो परिवारका सदस्यहरू सँग भन्नु भयो। उहाँको प्रस्तावलाई श्रीमान तथा ससुराले स्विकार गर्नु भयो। त्यस पछि उहाँ श्री बासुदेव जनता माध्यमिक विद्यालयमा कक्षा ९ मा भर्ना हुनुभयो। गत वर्ष विन्दु एस.ई.ई. पास हुनुभयो। यस वर्ष उहाँले कक्षा ११ को अन्तिम परीक्षा पास गर्नु भएको छ। उहाँ आफ्ना छोराछोरी सँगै नियमित विद्यालय जाने गर्नु हुन्छ। उहाँले आफ्ना छोराछोरीलाई गाउँको प्राथमिक विद्यालयमा छोडेर रंगपुर पढ्न जानुहुन्छ। सुरूमा थोरै विद्यार्थी थिए, गाउँका मानिसहरू उहाँलाई देखेर हाँस्ने गर्थे। तर अहिले उहाँको गाउँको थप एक जना महिला विद्यालय भर्ना हुने योजनामा हुनुहुन्छ। उहाँलाई देखेर हाँस्ने मानिसहरूले उहाँको साहस र अध्ययन प्रति गर्व महसुस गर्छन्। विन्दुलाई आफ्नो समूहमा एउटा साहसी महिला पाए पछि समूहका महिलाहरू निकै खुसी छन्। समुहका महिलाहरूले छोरीहरूको शिक्षाको बारेमा बिचार साझा गर्दा बिन्दुको उदाहरण दिन्छन्। गएको वर्ष २०८०/८१ मा यशोधरा गाउँपालिकाले विन्दु पासीलाई उहाँको अध्ययन जारी राख्न सहयोग स्वरूप १० हजार रूपैया मुल्यको  एउटा साइकल उपलब्ध गराएको थियो।

विन्दु पासीले आफना परिवर्तन तथा उपलब्धिहरूको श्रेय जानकी आत्मनिर्भर महिला समुह तथा दलित सामाजिक विकास केन्द्रलाई दिने गर्नु भएको छ। उहाँ भन्नु हुन्छ "मेरो पढाइको सपना साकार भयो।"

# भाई बहिनीहरूको पढाईमा निरन्तरता : बृजमती को अर्को लक्ष्य

नामः बृजमती रैदास

ठेगानाः यशोधरा ८ खोरिया

समुहको नामः गंगोत्री आत्मनिर्भर समुह

उमेर : २१ बर्ष

पारीवारीक बिवरणः ४ जना महिला ४ जना पुरूष



यसोधरा गाउँपालिका वार्ड नं. ८ मा बस्ने बृजमती रैदास एउटा गरिब परिवारमा जन्मिनु भएको छ। उहाँको आर्थिक अवस्था अति नै दयनिय थियो । उहाँ अति गरिब परिवारको सदस्य भएको हुनाले बृजमती रैदास आत्मनिर्भर महिला समुहको सदस्यको लागि छनौटमा पर्नु भएको थियो। समुहको सदस्य भई सके पछि उहाँ नियमित रूपमा समुहको बैठकहरूमा उपस्थित हुन थाल्नु भयो। कक्षा ८ सम्मको पढाई पुरा गरेकी बृजमतीको समुह प्रतिको चाँसो तथा निरन्तरताको कारण समुहले उहाँलाई अभिलेखक छनौट गर यो। अभिलेखकको जिम्मेवारी पाए पछि उहाँले पनि केही गर्न सक्छिन् भन्ने कुरा मनमा लिनु भयो । समुहमा सबैले आफनो वर्तमान अवस्था विश्लेषण गरेर लक्ष्य निर्धारण गर्ने क्रममा गरीबीवाट बाहिर निस्कन उहाँले आफू सिलाई सिक्ने र सिलाई गर्ने योजना बनाउनु भयो। समुहको पहलमा उहाँले ८ न. वडा कार्यालयको सहयोगमा ३ महिने सिलाई कटाई तालिम पनि प्राप्त गर्नु भयो। तालिम पछि उहाँले समुहवाट ऋण लिएर सिलाई मेसिन खरीद गर्नु भयो।

बृजमती रैदासको सिकाई सीप अहिले बढदै गईरहेको छ । बृजमती अहिले दैनिक रूपमा ३ सय देखी ५ रूपैया कमाउन सक्षम हुनु भएको छ। सिलाई व्यवसायमा सम्लग्न रहेकोले उहाँको आमावुवाले उहाँको कुरा तथा प्रस्तावलाई मान्ने गर्नु हुन्छ। घर परिवार उहाँको बिवाह गर्ने योजनामा थिए। तर बृजमतीको अहिले बिबाह गर्ने यो जना नभएको र बुवाआमालाई सघाउने रहेको छ। तर्सथ उहाँले आफनो व्यवसायलाई बढाउन प्रयास गर्दै आउनु भएको छ। आफनो व्यवसाय संगै उहाँले समुह मार्फत हुने बिभिन्न कार्यक्रमहरूमा सहभागी हुने अवसर पनि आएकी छिन्। आफनो पढाइ अधुरा रहे पनि भाई बहिनीहरूको पढाईमा निरन्तर सहयोग गर्ने उनको अर्को लक्ष्य रहेको छ।

# महिला समुहमा सोनाको व्यापार

नामः सोना चौधरी

ठेगाना : यसोधरा ६ पश्चिम रमावापूर

बर्ष : ३८

परिवारिक बिवरण : महिला  २ पुरूष ३ जम्मा ५ जना

यशोधरा गाउँपालिका वार्ड नं.६ पश्चिम रमवापुरमा बस्ने सोना चौधरी एउटा मेहनती महिला हुनुहुन्छ । परिवारमा उहाँको श्रीमान, दुई छोरा र एक छोरी गरी ५ जना सदस्यहरू रहेका छन् । समुह गठन भएको वेला उहाँको श्रीमान राजेन्द्र चौधरीको एउटा मात्र किडनी भएको कारण परिवारमा कमाईको बलियो स्रोत थिएन । तसर्थ सोना समुहको सदस्यको छनौट हुनु भयो । हाम्रो पहुँच परियोजना अर्न्तगत संचालन हुदै आएको गौरी आत्मनिर्भर समुहमा सोना अभिलेखक भएर समुहगत कामहरूमा सहयोग गर्दै आउनु भएको थियो । महिला समुहमा अभिलेखकको कामकाजको क्रममा बचत तथा ऋण परिचालन, ब्याज निकाल्न, खाता कसरी राख्ने बिषयहरूमा उहाँले संस्थावाट तालिम पाउनु भएको छ । उहाँले समुह छलफलमा सिकेका कुराहरू परिवारमा गएर छलफल गर्ने गर्नु हुन्छ । समुहको छलफल तथा प्रभावले गर्दा श्रीमान श्रीमती दुबैको जनाको आपसी सम्बन्ध बढदै गएको छ । घर देखि बाहिरको काममा एकले अर्कालाई सघाउने, संग संग काम गर्ने र आपसी सर सल्लाह गरेर कुनै काम गर्ने जस्ता परिवर्तनहरू देख्न थाले पछि समुहले उनको जोडीलाई नमूना जोडीको रूपमा छनौट गरयो र संस्थाले सम्मान पनि गरेको छ । सोनाले समुहमा बनाएको लक्ष्य अनुसार उनी व्यवसायिक रूपमा तरकारी खेती गर्न थाल्नु भएको छ । उहाँले मौसमी बेमौसमी तरकारीहरू लगाउने गर्छिन र त्यही व्यवसायवाट आफनो बालबालिकाहरूको पढाई तथा परिवार व्यवस्थापन गर्ने गर्नु हुन्छ । समुहमा उहाँको व्यवसायले लोक प्रियता पनि पाएको छ । सोना र उहाँको श्रीमान तौलिहवा, खुनुवा र पकडी वजार सम्म तरकारी बेच्न गरेका छन ।

व्यवसायवाट भएको आम्दानीवाट सोनाले समुहमा बचत र वाँकी पैसा बैंकमा जम्मा गरेकी छिन् । समुहमा नियमित रूपमा सहभागी भएको र समुहको अभिलेखनमा सहयोग गरेको कारण गौरी आत्मनिर्भर समुहले सोनालाई गौतम महिला संजालको सदस्यको लागि पनि चयन गरी पठाएको छ । गौतम महिला संजालको प्रतिनिधीको रूपमा उनले वडा तथा पालिका स्तरको भेलाहरूमा सहभागी हुने अवसर पनि पाएकी छन् । समुहमा पाएको ज्ञान सीपले घुम्टो प्रथा फाले र गाँउले घेरमा सिमित नभएर सोना परिवारको मुख्य जीविको पार्जनको स्रोत हुनु भएको छ ।